कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि

शोधार्थी

दुर्गा रेग्मी

क्याम्पस दर्ता नं.: २०१३-६८-२-१००२-००६५

क्याम्पस क्रमाङ्क : ६८०४०११०

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरअन्तर्गत नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

शोधपत्र

२०७७/२०२१

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

प्रतिबद्धता पत्र

प्रस्तुत **कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधकार्यहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्नसक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

....

दुर्गा रेग्मी

शोधार्थी

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३- ५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

पत्र सं.:
चलानी नं.:

मिति : ....

सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र शोधार्थी दुर्गा रेग्मीले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

....

मिति : वि.सं.२०७७/११/२१

उपप्रा. खुमबहादुर खड्का
शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३- ५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
पत्र सं.:
सुर्खेत, नेपाल
चलानी नं.:
मिति : ....

स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र शोधार्थी दुर्गा रेग्मीद्वारा तयार पारिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

क्र.सं.	नाम	पद	हस्ताक्षर
१.	उपप्रा. जसविर रोका	क्याम्पस प्रमुख	-------------
२.	उपप्रा. खुमबहादुर खड्का	शिक्षण समिति प्रमुख/शोधनिर्देशक	-------------
३.	उपप्रा. हरिजङ्ग शाह	बाह्य सुपरीवेक्षक	-------------

मिति : वि.सं. २०७७/१२/०८

(सन् २१ मार्च, २०२१)

कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस, अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । साथै यस शोधपत्रको सुरूदेखि अन्तिमसम्म आइपुग्दा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने नेपाली भाषा शिक्षा शिक्षण समति प्रमुख तथा शोधनिर्देशक उपप्राध्यापक खुमबहादुर खड्का ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस अध्ययनलाई पूर्णता दिन शोधपत्र लेखनका क्रममा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख जसविर रोका लगायत निरन्तर परामर्श गरिदिनुहुने अन्य गुरूहरू उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य, उपप्राध्यापक द्रोणलता खत्री, उपप्राध्यापक रामप्रसाद कँडेल, उपप्राध्यापक फूलमती खराल, उपप्राध्यापक हरिजङ्ग शाह लगायत सम्पूर्ण गुरूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधमा विभिन्न विद्वानका पुस्तकहरूबाट सैद्धान्तिक आधार लिइएकाले सम्बन्धित लेखकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी यस अध्ययन कार्यमा सामग्री उपलब्ध गराई सहयोग गर्ने पुस्तकालयीय कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस अध्ययनमा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण आत्मीय मित्रप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्तमा कम्प्युटर सेटिङ तथा प्रिन्टिङमा सहयोग गर्नुहुने नोबेल कम्प्युटर इन्स्टिच्यूटका मनराज देवकोटालाई धन्यवाद प्रकट गर्दछु ।

दुर्गा रेग्मी

शोधसार

कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत एम. एड.चौथो सेमेस्टरको नेपा. शि. ५४३ को पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । यस शोधमा कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिको वर्गीकरण र व्याख्या विश्लेषण गर्नु र उक्त त्रुटिहरू निराकरणका उपायहरू पत्ता लगाउनु । प्रस्तुत अध्ययन सुर्खेत जिल्लाअन्तर्गतका श्री जनसेवा माध्यमिक विद्यालय घुस्रा, काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुल, नासा एकेडेमी, पर्सेनीमा सीमित रहेको छ । यस अध्ययनमा सुर्खेत जिल्ला भित्रका ३ वटा विद्यालयका कक्षा सातमा अध्ययनरत जम्मा ३० जना थारूभाषी विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । अध्ययनका क्रममा थारूभाषी विद्यार्थीहरूलाई वाक्यगठन सम्बन्धी त्रुटिहरू पत्ता लगाउन जम्मा १० वटा लिङ्गगत, वचनगत, वाच्यगत, पुरूषगत, पदसङ्गति, आदरगत, भावगत, काल र पक्षगत र वाक्यगत आधारमा प्रश्नावली निर्माण गरी प्रत्येक तीनवटा विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई ३० वटा प्रश्नावली दिई वाक्य लेख्न लगाइएको छ । वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण रहेकोले उक्त शोध शाब्दिक तथा सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्क लिएर गरिएको हुदा मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । विद्यार्थीले लेखेका वाक्यका क्षेत्रलाई आधार मानी जम्मा प्रश्नावलीको ५० पूर्णाङ्क निर्धारण गरी प्रश्नपत्रको परीक्षणबाट प्राप्त अङ्कका आधारमा प्रतिशत निकाली विश्लेषण गरिएको छ ।

लिङ्गत आधारमा थारूभाषी विद्यार्थीहरू ३० देखि ६० प्रतिशत र १० प्रतिशतभन्दा कम त्रुटि गर्ने धेरै १०/१० जना रहेका छन् । यस आधारमा हेर्दा थारूभाषी विद्यार्थीको वाक्यगठनमा लिङ्गगत अवस्था कमजोर मानिन्छ । वचनगत आधारमा थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका त्रुटिमा १० प्रतिशतभन्दा कम त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् भने १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने थारूभाषी विद्यार्थी १८ जना, ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी ४ जना, ६० देखि ८० प्रतिशत त्रुटि गर्ने विद्यार्थी २ जना र ८० प्रतिशतभन्दा माथि त्रुटि गर्ने विद्यार्थी ४ जना रहेका छन् । वचनगत आधारमा १० देखि ३० प्रतिशत त्रुटि गर्ने थारूभाषी विद्यार्थीहरूमा सबैभन्दा बढी रहेकाले वाक्यगठनमा थारूभाषी विद्यार्थीको वचनगत आवस्था राम्रो रहेको

मानिन्छ भने ४ जना विद्यार्थीको शत् प्रतिशत त्रुटि हुनले उक्त विद्यार्थीको वचनगत अवस्था कमजोर रहेको छ । वाच्य अनुसार ३० देखि ६० प्रतिशत त्रुटि गर्ने थारूभाषी विद्यार्थीहरू १४ जना रहेका छन् । वाच्यगत आधारमा थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनको त्रुटिगत अवस्था कमजोर रहेको छ । थारूभाषी विद्यार्थीले स्तरीय नेपाली भाषा सिक्दा वाक्य गठन अन्तर्गत पुरूषगत आधारमा ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी ११ जना रहेकाले पुरूषगत आधारमा थारूभाषी विद्यार्थीको वाक्यगठन क्षमता कमजोर रहेको छ । वाक्यगत त्रुटिका आधारमा थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा गरेका त्रुटिमा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी ३ जना रहेका छन् भने १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्याथर्थी १३ जना, ३० देखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ११ जना, ६० देखि ८० प्रतिशत त्रुटि गर्ने विद्यार्थी १ जना र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । तसर्थ थारूभाषी विद्यार्थीहरूले वाक्यगत आधारमा स्तरीय नेपालीभाषा सिक्दा १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले थारूभाषी विद्यार्थीहरूको वाक्य गठनको स्तर मध्यम रहेको छ । थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनका क्षेत्र अन्तर्गत जम्मा ३० जना विद्यार्थीहरू मध्ये भावगत त्रुटि ९६.६६ प्रतिशत, काल र पक्षगत त्रुटिमा ९० प्रतिशत र वाक्यगत त्रुटिमा ९०प्रतिशत त्रुटि गरेका छन् । त्यसैगरी त्रुटि गर्ने क्षेत्रहरूमा वाच्यगत आधारमा धेरै गरेका छन्, जसमा ९६.६६ प्रतिशत त्रुटि गरेका छन् भने वचनगत आधारमा ९३.३३ प्रतिशत त्रुटि गरेका छन् । साथै पदसङ्गति र आदरमा ९० प्रतिशत त्रुटि गरेका छन् भने पुरूषगत आधारमा ८० प्रतिशत र लिङ्गगत आधारमा जम्मा ६६.६६ प्रतिशत त्रुटि गरेका छन् । अतः थारूभाषी विद्यार्थीले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनका क्षेत्रहरूमा सबैभन्दा बढी भावगत, काल/पक्ष र वाक्यगतका क्षेत्रमा त्रुटि गरेका गरेका छन् । यसरी समग्र निष्कर्षमा हेर्दा कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका त्रुटिको अवस्था भाव, काल र पक्ष र वाक्यगतमा कमजोर रहेको देखियो । थारूभाषी विद्यार्थीहरूमा वाक्यतात्विक विशेषताको सबै पक्षको समतल रूपमा ज्ञान नभएको भएतापनि व्याकरणिक क्षेत्रहरूमा शुद्ध वाक्यको गठनमा कमी, वाक्य गठनका रूपको प्रयोगमा कमी हुने गरेको पाइयो । नेपाली भाषाका वाक्यलाई स्तरीय र मानक बनाउन नेपाली व्याकरण सम्बन्धी अनुसन्धान गर्ने नीति निर्माण गरिनु पर्ने देखिन्छ ।

विषयसूची

क्र.स. शीर्षक	पृष्ठ सं.
प्रतिबद्धता पत्र	क
सिफारिस पत्र	ख
स्वीकृति पत्र	ग
कृतज्ञता ज्ञापन	घ
शोधसार	ङ
विषयसूची	छ
सङ्क्षिप्त शब्दावलीको पूरा रूप	ट
चिन्ह सूची	ठ

अध्याय : एक

शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि	१
१.२ समस्या कथन	३
१.३ अध्ययनको उद्देश्य	४
१.४ अध्ययनको औचित्य	४
१.५ अध्ययनको परिसीमा	५
१.६ शोधपत्रको रूपरेखा	६

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा र उपादेयता	७
२.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा	१६
२.२.१ त्रुटि विश्लेषणको परिचय	१६
२.२.२ त्रुटि विश्लेषणको महत्त्व	१८
२.२.३ त्रुटि विश्लेषणको वर्गीकरण र प्रकार	१९
२.२.४ त्रुटिका सम्भाव्य क्षेत्रहरू	२३
२.२.५ त्रुटि विश्लेषणका पद्धति	२३
२.२.६ त्रुटि विश्लेषणको प्रक्रिया	२४

२.२.७ त्रुटि विश्लेषण र भाषा शिक्षण २५
२.३ वाक्यगठनगत सैद्धान्तिक अवधारणा २६
२.३.१ वाक्यको परिचय २६
२.३.२ वाक्य गठनको परिचय २७
२.३.३ वाक्यगठनमा व्याकरणिक कोटिको आधार २८
२.३.४ वाक्य गठनका तत्वहरू २९
२.३.५ वाक्य गठनगत त्रुटिका प्रवृत्तिहरू ३५
२.४ अध्ययनको अवधारणात्मक ढाँचा ३९

अध्याय : तीन

अनुसन्धान विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा ४०
३.२ जनसङ्ख्या तथा नमुना छनोट ४०
३.३ तथ्याङ्कको प्रकृति र स्रोत ४०
३.४ सामग्री निर्माण र मानकीकरण ४१
३.५ तथ्याङ्क सङ्कलन विधि ४१
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण ४१
३.७ अध्ययन प्रतिवेदनको ढाँचा ४१

अध्याय : चार

तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि ४३
४.१.१ लिङ्गगत आधारमा त्रुटि ४३
४.१.२ वचनगत आधारमा भाषिक त्रुटि ४८
४.१.३ वाच्यका आधारमा विश्लेषण ५३
४.१.४ पुरूषगत आधारमा विश्लेषण ५९
४.१.५ पदसङ्गतिका आधारमा विश्लेषण ६५
४.१.६ आदरका आधारमा विश्लेषण ७०
४.१.७ भावका आधारमा विश्लेषण ७७
४.१.८ काल र पक्षका आधारका विश्लेषण ८२

४.१.९ वाक्यगत त्रुटिको विश्लेषण ८८
४.२ समग्रमा त्रुटिको वर्गीकरण ९४
४.२.१ वाक्य गठनका क्षेत्रमा समग्र थारूभाषी विद्यार्थीको जम्मा त्रुटि प्रतिशत ९७
४.३ वाक्यगठनमा भएका त्रुटि निराकरणका उपायहरू ९९
अध्याय : पाँच
निष्कर्ष र सुझाव १०१-१०६
५.१ निष्कर्ष १०१
५.२ सुझाव १०४
५.२.१ नीतिगत तह १०४
५.२.२ कार्यान्वयनगत तह १०५
५.२.३ भावी अनुसन्धानका लागि शोध शीर्षक १०५
सन्दर्भ ग्रन्थसूची
व्यक्तिवृत्त
परिशिष्टहरू

तालिका सूची

तालिका नं.	शीर्षक	पृष्ठ
१	लिङ्गका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि	४३
२	लिङ्गका आधारमा जनसेवा मा.वि. घुस्राका विद्यार्थीहरूले गरेको त्रुटिको प्राप्ताङ्क	४४
३	लिङ्गगत आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि	४५
४	लिङ्गका आधारमा नासा एकेडेमीका विद्यार्थीहरूले गरेको त्रुटिको प्राप्ताङ्क	४५
५	लिङ्गगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि	४६
६	लिङ्गगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीहरूले गरेको त्रुटिको प्राप्ताङ्क	४६
७	वचनका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि	४८
८	वचनका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	४८
९	वचनका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि	४९
१०	वचनका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	१०
११	वचनका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि	५१
१२	वचनका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	५२
१३	वाच्यका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि	५३
१४	वाच्यका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	५४
१५	वाच्यका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि	५५
१६	वाच्यका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	५६
१७	वाच्यका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि	५७
१८	वाच्यका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	५८
१९	पुरूषका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि	५९
२०	पुरूषका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	६०
२१	पुरूषका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि	६१
२२	पुरुषका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	६२
२३	पुरूषका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि	६३
२४	पुरूषका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	६३
२५	पदसङ्गतिका आधारमा जनसेवा मा.वि.घुस्राका स्कुलका विद्यार्थीले गरेको त्रुटि	६५
२६	पदसङ्गतिका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क	६६
२७	पदसङ्गतिका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि	६७

२८ पदसङ्गतिका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि ६८
२९ पदसङ्गतिका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि ६९
३० पदसङ्गतिका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ६९
३१ आदरका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि ७०
३२ आधारका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ७२
३३ आदरका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि ७३
३४ आदरका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ७४
३५ आदरका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि ७५
३६ आदरका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ७५
३७ भावका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि ७७
३८ भावका आधारमा जनसेवा मा.वि. घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ७८
३८ भावका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि ७९
३९ भावका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ७९
४० भावका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटि ८०
४१ भावका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ८१
४२ काल र पक्षका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि ८२
४३ काल र पक्षका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ८३
४४ काल र पक्षका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि ८४
४५ काल र पक्षका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ८६
४६ काल र पक्षका आधारमा नासा एकेडेमीका स्कुलका विद्यार्थीले गरेको त्रुटि ८६
४७ काल पक्षका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ८७
४८ वाक्यगत आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको त्रुटि ८८
४९ वाक्यगत आधारमा जनसेवा मा.वि. घुस्राका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ८९
५० वाक्यगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटि ५०
५१ वाक्यगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क ९१
५२ वाक्यगत आधारमा आधारमा नासा एकेडेमीकाका विद्यार्थीले गरेको त्रुटि ९२
५३ वाक्यगत आधारमा नासा एकेडेमीका विद्यार्थीको त्रुटिको प्राप्ताङ्क ९३
५४ समग्रमा त्रुटिको वर्गीकरण ९४
५५ वाक्य गठनका क्षेत्रमा समग्र थारूभाषी विद्यार्थीको जम्मा त्रुटि प्रतिशत ९७

चित्र सूची

तालिका नं.	शीर्षक	पृष्ठ
चित्र नं.१	समग्र लिङ्गत त्रुटि	५२
चित्र नं.२	समग्र वचनगत त्रुटि	५८
चित्र नं.३	समग्र वाच्यगत त्रुटि	६४
चित्र नं.४	समग्र पुरूषगत त्रुटि	६९
चित्र नं.५	समग्र पदसङ्गतिगत त्रुटि	७५
चित्र नं.६	समग्र आदरगत त्रुटि	८१
चित्र नं.७	समग्र भावगत त्रुटि	९७
चित्र नं.८	समग्र काल र पक्षगत त्रुटि	९३
चित्र नं.९	समग्र वाक्यगत त्रुटि	९६
चित्र नं. ९	वाक्य गठनका क्षेत्रमा समग्र थारूभाषी विद्यार्थीको जम्मा त्रुटि प्रतिशत	१०३

सङ्क्षिप्त शब्दावलीको पूरा रूप

आइ.ए.	:	इन्टरमिडिट आर्ट्स
बी.ए.	:	ब्याचलर अफ आर्ट्स
उपप्रा.	:	उपप्राध्यापक
एम.एड.	:	मास्टर अफ एजुकेसन
क्र.सं.	:	क्रम सङ्ख्या
न.पा.	:	नगरपालिका
नेपा.शि.	:	नेपाली शिक्षा
प्रा.	:	प्राध्यापक
पृ.सं.	:	पृष्ठ सङ्ख्या
म.प.वि.	:	मध्यपश्चिमाञ्चल विश्वविद्यालय
वि.सं.	:	विक्रम संवत्
संस्क.	:	संस्करण

चिन्ह सूची

(-)	:	योजक चिन्ह
(,)	:	अल्पविराम चिन्ह
(‘ ’)	:	एकल उद्धरण चिन्ह
(“ ”)	:	युगल उद्धरण चिन्ह
(/)	:	वैकल्पिक चिन्ह
(=)	:	समानान्तर चिन्ह
(:)	:	विसर्ग चिन्ह
∴	:	तसर्थ
%	:	प्रतिशत

अध्याय : एक

शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनमा विचार विनीमयको माध्यम भाषा हो । भाषा सामाजिक र मानवीय वस्तु हो । भाषा शिक्षण एक जटिल विषय हो । भाषा शिक्षण भाषाको बारेमा शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । भाषाका आधारभूत सीपहरूउ (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण नै भाषा शिक्षण हो । भाषा शिक्षण गर्दा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषा शिक्षण गर्दा साहित्येतर र साहित्यक विधाको उपयोग गरिन्छ । साहित्येतर र साहित्यिक विधाका विभिन्न पाठहरूलाई भाषा पाठ्यपुस्तक निर्माणका सिद्धान्त अनुसार छनोट र स्तरण गर्नु पर्दछ । पाठहरू छनोट गर्दा पाठ्यक्रमले निर्धारण गरेका विधाको क्षेत्रलाई समेट्नु पर्दछ । पाठ्यपुस्तकमा पाठहरूको छनोट र स्तरण विद्यार्थीको रुचि, इच्छा, चाहना, तह र स्तर अनुरूप गर्नु पर्दछ ।

भाषा वैचारिक आदानप्रदानको महत्त्वपूर्ण माध्यम हो । भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्नु वा ग्रहण गर्नु 'आदान' हो भने आफ्ना विचार एंवम् भावनालाई अरू समक्ष प्रस्तुत 'प्रदान' हो । यही विचार विनिमयको सर्वाधिक सरल र सुगम माध्यम भाषा हो । भाषाकै माध्यमले मानिसको मनमा उत्पन्न भएका भाव वा विचारलाई अरु समक्ष पुऱ्याउने गर्दछ भने अरुका भाव तथा विचारलाई ग्रहण गर्ने गर्दछ । भाषाका माध्यमले भाव तथा विचार सम्प्रेषण हुनुका साथै कार्यसम्पदान हुने गर्दछ ।

भाषाका चार सीपः सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षणलाई भाषिक सीप शिक्षण भनिन्छ । यी सीपलाई भाषा शिक्षणका सन्दर्भमा आधारभूत सीपका रूपमा लिइन्छ । यिनको विकासबाट मात्र सिकाइ शिक्षण सार्थक हुने हुनाले भाषा शिक्षणमा सीपको शिक्षणलाई निकै महत्त्व दिइन्छ । भाषाका चार सीपमध्ये सुनाइ र लेखाइलाई आदानात्मक र ग्रहणात्मक सीप र पढाइ र बोलाइलाई प्रदानात्मक वा अभिव्यक्तिपरक सीप मानिन्छ, सुनाइ र बोलाइ सीप मौखिक सीप अन्तर्गत र पढाइ र लेखाइ लिप्यात्मक सीप अन्तर्गत पर्दछन् । त्यसैले सुनाइ र बोलाइ सीपलाई सिकाइका पूर्ववर्ती सीपका रूपमा र पढाइ र लेखाइलाई पश्चवर्ती सीपका रूपमा लिइन्छ । भाषाका यी चार सीपहरू विद्यार्थीहरूको उमेर, शैक्षिक तह वा कक्षा बढ्दै जाँदा थप परिष्कृत र परिमार्जित हुँदै जान्छन् । यी सीपको शिक्षणबाट

विद्यार्थीमा श्रवणकला, वाचनकला, पठनकला र लेखनकलाको विकास हुँदै जान्छ । विद्यार्थीहरूले नेपाली भाषामा अभिव्यक्तिगत लिङ्ग, वचन, पुरूष, आदरको सङ्गतिपूर्ण विन्यासमा त्रुटिहरू गरेको पाइन्छ । यसरी वाक्य गठनका क्रममा सम्बन्धित तहका विद्यार्थीलाई शुद्ध र स्पष्ट भाषामा वाक्यको पदसङ्गतिका आधारमा प्रयोग गरी राम्रो भाषिक वाक्यगठनगत सीप आर्जन गर्न सहयोग गर्दछ ।

वाक्य गठन वाक्यमा प्रयोग हुने नामिक (नाम, सर्वनाम, विशेषण, पद र क्रियापदको बीचको लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका आधारमा हुने आपसी मेल हो । वाक्यमा आउने विभिन्न नामिक पदहरू र क्रियापदहरूका बीच यस्तो आपसी सङ्गति हुनु जरूरी हुन्छ (अवस्थी र शर्मा, २०६६ : १२६) । यसरी वाक्य गठन भनेको वाक्यमा प्रयोग हुने व्याकरणिक पदहरूको आपसी मेल हो । वाक्यभित्र आएका पदहरू मध्ये एउटा पदको लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव अर्को पदको लिङ्ग वचन, पुरुष र आदरलाई नियन्त्रण गर्दछ । यस प्रकारको नियन्त्रण र सम्बन्धलाई सङ्गति भनिन्छ । वाक्यमा आउँदा नामको अन्य पक्षसँग लिङ्ग, वचन र आदरको सङ्गति रहन्छ भने सर्वनामको वचन, पुरुष, आदर, काल पक्ष र भावको सङ्गति रहन्छ । यसैगरी क्रियापदको लिङ्ग, वचन, पुरूष, आदर, काल पक्ष र भावको सङ्गति रहन्छ सङ्गति हुँदा वाक्यात्मक संरचनामा आएका दुई भन्दा बढी एकाइहरूले समान व्याकरणात्मक अभिलक्षण देखाउँछन् ।

वाक्यगठन हरेक रुपमा मानिसको बोलाइमा हुने त्रुटि र पदहरूको सङ्गती नमिली उच्चारण भएर गलत अर्थ आउनु नै बोलाइका क्रममा हुने वाक्य गठनगत त्रुटि हो । वाक्य गठनका क्रममा विभिन्न व्यक्ति तथा मानिसहरूले आफ्नो बोलाइमा गर्ने त्रुटिगत भिन्नता पनि हो । नेपाली भाषा शुद्ध उच्चारणमा वाक्यगत उच्चारण गर्न नेपाली भाषा विभिन्न जातजातिअनुसार फरक फरक रुपमा उच्चारण हुँदै आएको छ । हरेक जातिगत रुपमा पनि नेपाली भाषालाई भिन्न रुपमा उच्चारण गरिदै आएकाले पनि भाषिक रुपमा शब्दगत, वाक्यगत अर्थमा भिन्नता आउने गर्दछ ।

कथ्य रूपमा भएका भाषालाई जब लिपि चिन्हद्वारा अभिव्यक्त गर्न थालियो । तबदेखि नै लिपि चिन्हहरूलाई आफ्नो अनुकूलता अनुसार परिमार्जन वा परिवर्तन गर्ने पनि गरियो । एउटै लिपि चिन्हद्वारा अभिव्यक्ति हुने आधुनिक भाषामा वाक्यगठन परम्पराले भिन्न ग्रहण गर्न पुगेको पाइन्छ । यस कारणले वर्णविन्यास अन्तर्गत वाक्यठनमा एउटा समस्या बनेको छ । वाक्यगठन क्षेत्र निकै विस्तृत हुने भएकाले आधारभूत तह कक्षा सातमा अध्ययन गर्ने

विद्यार्थीका भाषिक व्यवहारमा वाक्यगठनगत त्रुटिहरू प्रशस्तै मात्रामा रहने भएकाले पनि भाषिक रुपमा त्रुटि भई अर्थमा भिन्नता आएकाले नेपाली भाषा सिकाइका क्रममा हुने भाषिक त्रुटिहरूको अध्ययन गरिनु आवश्यक देखिन्छ ।

वाक्य कुनै वाक्यात्मक संरचनामा एउटा पदको रूपमा परिवर्तन गर्ने वित्तिकै अर्को पदको बीचमा समानुपातिक परिवर्तन गर्नुपर्ने अवस्थालाई संगती जनाउँछ । वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपात्मक मेल वा अनुकूललाई सङ्गति मानिन्छ । यस्तो सङ्गतिमा विशेष गरी कर्ता क्रियापद तथा विशेषण (नाम/सर्वनाम) र विशेषणका बीचको मेललाई लिइन्छ । वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका दृष्टिले कायम हुने सङ्गति नेपालीमा विशेष महत्वपूर्ण हुन्छ ।

नेपाल बहुभाषिक मुलुक हो । यहाँ विभिन्न भाषा बोल्ने मानिसहरू छन् र यिनीहरूको आ-आफ्नै अस्तित्व रहेको पाइन्छ । प्रत्येक भाषिक समुदायलाई आ-आफ्नो मातृभाषाको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार छ । अतः आफ्नो मातृभाषाप्रति सबै समुदायको लगाव हुन्छ । मातृभाषाको वाक्यगठनमा अभ्यस्त भएका व्यक्तिलाई नेपाली भाषाको वाक्यगठनमा समस्या आउनु स्वाभाविक मानिन्छ । थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा थुप्रै त्रुटि गर्ने गर्दछन् । ती त्रुटि आफ्नो मातृभाषाको ध्वनि र भाषिक संरचनाको प्रत्यक्ष प्रभावले गर्दा भएको हो । नेपाली भाषाको आफ्नै स्वरूप भएजस्तै थारू भाषाको पनि आफ्नै स्वरूप पाइन्छ । त्यस्तै थारूभाषी विद्यार्थीहरूले वाक्यगठनका तत्त्व लिङ्ग, वचन, पुरुष, काल, भाव, वाक्य, आदर, कारक, पक्ष आदिमा त्रुटि गर्दछन् । त्यसैगरी उच्चारणगत, लिपि, वर्ण विन्यासजस्ता पक्षमा पनि त्रुटि गर्ने गर्दछन् । अतः थारूभाषीले आफ्नै भाषिक व्यवस्था, उपव्यवस्थालाई नेपाली भाषामा प्रयोग गर्दा त्रुटि हुने सम्भावना रहन्छ । तसर्थ समयमा नै त्रुटिको अध्ययन विश्लेषण गरी विद्यार्थीको भाषामा शुद्धता, सरलता, स्पष्टता ल्याउनको लागि थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन हुनु जरूरी छ ।

१.२ समस्या कथन

नेपालको राष्ट्र भाषा नेपाली भए पनि अन्य थुप्रै मातृभाषाहरू पनि अस्तित्वमा रहेका छन् । नेपाल सरकारले हरेक व्यक्तिले प्राथमिक तहसम्ममा मातृभाषामा आर्जन गर्न पाउने व्यवस्था गरेको छ । प्रत्येक भाषाका आफ्नै लिपि, वर्ण व्यवस्था, शब्द व्यवस्था आदि भिन्न-भिन्न हुने भएकाले पहिलो भाषाका रूपमा मातृभाषामा अभ्यस्त भएका व्यक्तिलाई दोस्रो

भाषा सिक्दा वाक्यगठनमा अवश्य समस्या आउने गर्दछ र समस्या आउनु भाषिक दृष्टिकोणबाट स्वाभाविक पनि हो । थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा उच्चारणगत, वाक्यगठन, वर्ण विन्यास, अर्थगत, लिपिगत आदि थुप्रै त्रुटि गर्दछन् । उनीहरूले वाक्यगठन गर्दा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाक्य, आदर तथा कारक आदिमा धेरै मात्रामा त्रुटि गर्ने गर्दछन् । फलस्वरूप भाषिक प्रयोग त्रुटिपूर्ण बन्न पुग्छ । मुख्यगरी यस शोधप्रस्ताव अन्तर्गत सुर्खेत जिल्ला लाटिकोइली स्रोतकेन्द्रका कक्षा ७ अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने निम्न समस्याहरू माथि अध्ययन गरिएको छ ।

(क) कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा के कस्ता त्रुटि गर्छन् ?

(ख) नेपाली भाषा सिकाइका क्रममा गर्ने भाषिक त्रुटि कुन कुन वाक्य तत्वसँग सम्बन्धित हुन्छन् ?

(ग) कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि निराकरणका उपायहरू के-के हुन सक्छन् ?

१.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि पत्ता लगाउनु,

(ख) कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिको वर्गीकरण र व्याख्या विश्लेषण गर्नु,

(ग) कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि निराकरणका उपायहरू पत्ता लगाउनु ।

१.४ अध्ययनको औचित्य

मातृभाषाको वाक्यगठनमा अभ्यस्त भएका व्यक्तिलाई नेपाली भाषाको वाक्यगठनमा समस्या आउनु स्वाभाविक मानिन्छ । थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा थुप्रै त्रुटि गर्ने गर्दछन् । ती त्रुटि आफ्नो मातृभाषाको ध्वनि र भाषिक संरचनाको प्रत्यक्ष प्रभावले गर्दा भएको हो । नेपाली भाषाको आफ्नै स्वरूप भएजस्तै थारू भाषाको पनि आफ्नै स्वरूप पाइन्छ । त्यस्तै थारूभाषी विद्यार्थीहरूले वाक्यगठनका तत्त्व, लिङ्ग, वचन, पुरुष, काल, भाव, वाक्य, आदर, कारक, पक्ष आदिमा त्रुटि गर्दछन् । त्यसैगरी उच्चारणगत, लिपि, वर्ण विन्यासजस्ता पक्षमा पनि त्रुटि गर्ने गर्दछन् । अतः भाषिक सीप तथा भाषिक क्षमतामा अभिवृद्धि गर्न गराउन यस अध्ययनको औचित्य देखिन्छ । यस अध्ययनको औचित्य निम्नानुसार रहेको छ :

(क) हालसम्म यससम्बन्धी अध्ययन थुप्रै भए पनि सुर्खेत जिल्लाको सन्दर्भमा यो शीर्षकमा हालसम्म अध्ययन नभएकाले गर्दा यो औचित्यपूर्ण देखिन्छ ।

(ख) यस अध्ययनले त्रुटि विश्लेषणले भाषा शिक्षण गर्ने शिक्षकलाई सहयोग मिलेको छ ।

(ग) नेपाली भाषा सिकाइका क्रममा थारूभाषी विद्यार्थीहरूले गर्ने नेपाली वाक्यगठनगत त्रुटिको अध्ययनले भाषा सिकाइलाई स्पष्ट मार्गनिर्देश गरेको छ ।

(घ) थारूभाषी विद्यार्थीहरूलाई समयमा नै त्रुटिको अध्ययन विश्लेषण गरी भाषामा शुद्धता, सरलता, स्पष्टता ल्याउनको लागि सहयोग गर्ने भएकाले औचित्यपूर्ण रहेको छ ।

(ङ) नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गरी त्रुटि निराकरणका लागि उपाय पत्ता लगाउनुका साथै थारूभाषी विद्यार्थीहरू तथा शिक्षकहरूलाई थारूभाषाका पाठ्यपुस्तक, लेखक, पाठ्यक्रम निर्माता, भाषाविद्, व्याकरणविद्, नेपाली भाषा शिक्षकलाई धेरै थोरै सहयोग पुऱ्याएको छ ।

(च) यस अध्यनले भावी अध्ययनकर्तालाई आगामी खोज, अनुसन्धान तथा अध्ययन अध्यापनका लागि केही न केही सहयोग गर्ने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

१.५. अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन शीर्षक सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषणसँग सम्बन्धित रहेको छ । यस अध्ययनलाई निम्न सीमामा परिसीमित गरिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिमा सीमित गरिएको छ ।

(ख) प्रस्तुत अध्ययन तीन वटा सामुदायिक विद्यालयका कक्षा सातमा अध्ययनरत १०/१० जना गरी ३० थारूभाषी विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

(ग) यस अध्ययनमा थारू विद्यार्थीहरूले वाक्यगठनसँग सम्बन्धित लिङ्ग, वचन, वाच्य, पुरुष, पदसङ्गति, आदर, भाव र काल/पक्ष, वाक्यगत जस्ता व्याकरणिक कोटिसँग सम्बन्धित त्रुटिमा सीमित गरिएको छ ।

(घ) यो अध्ययन सुर्खेत जिल्ला लाटिकोइली स्रोतकेन्द्र अन्तर्गतका श्री जनसेवा माध्यमिक विद्यालय घुस्रा, काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुल, नासा एकेडेमी, परसेनीमा सीमित रहेको छ ।

(ङ) यो अध्ययनमा कक्षा सातमा अध्ययनरत थारू विद्यार्थीमात्र सीमित गरिएको छ र अन्य विद्यार्थीको वाक्यगठनका सम्बन्धमा अध्ययन गरिएको छैन ।

१.६ अध्ययनको रूपरेखा

यस शोधपत्रको रूपरेखालाई निम्नलिखित चार अध्यायमा विभाजन गरेर प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययन नेपाली भाषामा गर्ने भाषिक त्रुटिसँग सम्बन्धित छ । यस विषयसँग सम्बन्धित केही अध्ययनहरू भइसकेका छन् । उक्त विगतमा भएका अध्ययनहरूलाई पूर्वकार्यका रूपमा निम्नानुसार समीक्षात्मक अध्ययन गरिएको छ :

शर्मा र पौडेल (२०६८) द्वारा **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** नामक पुस्तक प्रकाशन गरिएको छ। उक्त पुस्तकको एकाइ नौ अन्तर्गत कथ्य र भाषिक त्रुटि राखिएको छ। जसमा भाषिक एकाइगत त्रुटि, उच्चारणगत त्रुटि, रुपगत त्रुटि, पदावलीगत त्रुटि, वाक्यगत त्रुटि, अर्थगत त्रुटि, सङ्कथनगत त्रुटि राखिएको छ । भने सिकाइ प्रक्रियागत त्रुटिका अन्तर्गत अव्यवस्थित त्रुटि, व्यवस्थित त्रुटि र स्रोतगत त्रुटि, गम्भीरतागत त्रुटि, स्वरुपगत त्रुटि लगायत जटिलतागत त्रुटि जस्ता पक्षहरूमा समावेश गरिएको छ । पाठ्यपुस्तकमा भाषा सिकाइका क्रममा त्रुटिका क्रममा हुने समस्या निराकरणका उपायहरू समेत उल्लेख गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकको अध्ययनले यस शोधकार्यको सैद्धान्तिक खण्ड निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

न्यौपाने र अन्य (२०७३) द्वारा **सामान्य भाषा विज्ञान** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा जम्मा नौ वटा एकाइहरू समेटिएका छन् । जसमा पहिलो एकाइमा भाषा र भाषा विज्ञानको परिचय अन्तर्गतको १.७ मा भाषा विज्ञानका शाखाहरू अन्तर्गत त्रुटि विश्लेषणको परिचयका सन्दर्भमा पेज नं. २१ मा उल्लेख गरिएको छ। यसका साथै विभिन्न वर्णविन्यासका सन्दर्भमा समेत लेखिएको छ । त्यसैगरी एकाइ चार अन्तर्गत रुपविज्ञान एकाइमा पृष्ठ ९८ मा लिङ्ग, वचन, पुरुष, कारक , आदर, काल, पक्ष, भाव, वाच्य लगायतका वर्णविन्यासका पदसङ्गतिका क्षेत्रहरूमा विविन्न प्रक्रियामा चर्चा परिचर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ।

पौडेल (२०७३) द्वारा **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पाठ्यपुस्तकमा पाठ्यपुस्तकको पृष्ठ १९८ देखि २१५ सम्म त्रुटि विश्लेषणका बारेमा उल्लेख गरिएको छ । यस पाठ्यपुस्तकमा त्रुटिका विश्लषणको

सैद्धान्तिक अवधारणा, त्रुटि र अर्न्तभाषा, त्रुटि क्षेत्र र त्रुटिहरूको वर्गीकरण र त्रुटि विश्लेषण प्रक्रिया लगायतका क्षेत्रलाई समेटिएको छ । त्रुटिहरूमा भाषिक एकाइगत त्रुटि, सिकाइ प्रक्रियागत त्रुटि, स्रोतगत त्रुटि, गम्भीरतागत त्रुटि, निगमनात्मक पद्धति, त्रुटि विश्लेषण र भाषा शिक्षण लगायतका पक्षहरूलाई त्रुटिमा समेटिएको छ । उक्त पाठ्यपुस्तकको अध्ययनबाट यस शोधकार्यको सैद्धान्तिक अवधारणामा त्रुटि विश्लेषणको परिचय र अवधारणा निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

वि.सी. (२०६७) द्वारा **दैलेख जिल्ला जोरेबाँझ स्रोतकेन्द्रका कक्षा ६ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनसम्बन्धी गर्ने त्रुटिको क्षेत्र पहिचान र निराकरणका लागि उपायहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ । मुख्यगरी यस अध्ययनका दैलेख जिल्ला जोरेबाँझ स्रोतकेन्द्रका कक्षा ६ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिहरूको कारण पत्ता लगाई ती त्रुटिको वर्गीकरण र व्याख्या विश्लेषण गर्नु, उक्त त्रुटिहरू निराकरणका उपाय पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएका छन् । उक्त शोधमा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण गर्दा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक र आदरका आधारमा गरिएको छ । अकरण प्रक्रिया, पदसङ्गतिलाई यस अध्ययनमा समेट्न सकिएको छैन । त्यस्तै यस अध्ययनको सामग्री सङ्कलनको लागि मुख्यगरी स्थलगत अध्ययन विधिलाई प्रयोग गर्नुका साथै प्रश्नावली विधिलाई मूल रूपमा प्रयोग गरिएको छ । उक्त तीनै विद्यालयका १०/१० जना मगरभाषी विद्यार्थीहरूलाई उद्देश्यपरक नमुना छनोट विधिका आधारमा लिइएको छ । उक्त शोधपत्रमा वाक्यगठनसम्बन्धी त्रुटि विश्लेषणात्मक अध्ययन गर्ने क्रममा वाक्यगठनसँग अन्तरनिहित वस्तुगत, विषयगत र स्वतन्त्र लेखन अन्तर्गत खाली ठाउँ भने, बहुविकल्पी, सङ्क्षिप्त उत्तरात्मक, निर्देशनात्मक, उत्पादनात्मक र निबन्धात्मक उत्तर आउने खालका क्रमशः २४+१६+१५+२०+२ गरी जम्मा ७७ प्रश्नहरू छनोट गरी प्रश्नावली तयार गरिएको छ । यस अध्ययनमा वस्तुगत प्रश्नका तुलनामा विषयगत प्रश्नमा बढी त्रुटि गरेको पाइयो । त्यस्तै स्वतन्त्र लेखनका प्रश्नमा वाक्यगठनका प्रायः सबै तत्त्वमा त्रुटि गर्ने गरेको पाइयो । वाक्यगठनको त्रुटि पक्षलाई हेर्दा वस्तुगत प्रश्नमा सबैभन्दा बढी त्रुटि भाव पक्षमा गरेको पाइयो भने सबैभन्दा बढी ठीक आदरमा गरेको पाइयो । वस्तुगत

प्रश्नमा सही प्रतिक्रिया दिनेहरूले पनि विषयगत तथा स्वतन्त्र लेखनमा त्रुटि गरेको पाइयो । नेपाली भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीप र क्षमताको अभिवृद्धि गर्नु रहेकोले भाषिक सीप र क्षमताको विकास गराउनमा वाक्यगठनको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । तसर्थ वाक्यगठन भाषिक सीप विकास गर्ने महत्त्वपूर्ण पक्ष भएकाले वाक्यगठनको उचित संयोजन गर्न यस अध्ययनले थोरै भए पनि मगरभाषी विद्यार्थी, नेपाली भाषा विषयका शिक्षक, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणकर्ता आदिलाई सहयोग पुऱ्याउने र वाक्यगठनका सबै पक्षहरूको विस्तृत अध्ययन गर्नका लागि सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

कार्की (२०६९) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषा लेखनमा गर्ने वर्णविन्यास सम्बन्धी त्रुटि अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधकार्यको उद्देश्य कक्षा नौका विद्यार्थीहरूले गर्ने वर्णका त्रुटिहरूको पहिचान, त्रुटिका क्षेत्रको पहिचान, वर्णविन्यासगत त्रुटि गर्नुका कारण, यसका निराकरणका लागि अपनाइने उपाय आदि जस्ता कार्यमा आधारित रहेको छ । यस शोधकार्यमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधि तथा स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ । शब्द रचनागत त्रुटि, रूपरचनागत त्रुटि, अर्थगत त्रुटि, शब्दचयनगत त्रुटि आदि ७ वटा त्रुटिहरूमा आधारित छ । यसका शब्दादिमा त्रुटि, बाइमात्रामा त्रुटि, तर्कुलेमा त्रुटि, भेदका रूपमा त्रुटि बढी भएको देखाइएको छ । चौरजहारी रूकुमका दुईवटा सामुदायिक र दुईवटा निजी विद्यालय गरी जम्मा चारवटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई समेटिएको छ । प्रत्येक विद्यालयबाट १५/१५ जना समेटी ६० जना विद्यार्थीलाई नमुना छनोटका रूपमा राखेका छन् । शब्दादिमा सही जवाफ दिने ५७ जना र गलत जवाफ दिने ३ जना देखाइएको छ । शब्दमध्यमा ठिक गर्ने विद्यार्थीहरू ६० जना रहेका छन् । श्री शीतल उ.मा.वि.का १ जनाले बेठीक गरेका, भ्याली पब्लिक उ.मा.वि.मा पनि एक जनाले गल्ति गरेको, श्री सरस्वती एड्भान्स उ.मा.वि. पनि एक जनाले मात्र गल्ति गरेको देखाइएको छ । यस अध्ययनमा श, ष, स को प्रयोगमा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयले बढी त्रुटि गरेका छन् । ऋ, रि, री को प्रयोगमा पनि निजी अङ्ग्रेजीमा बढी त्रुटि देखाइएको छ । यस शोधपत्रमा सुझावका रूपमा विद्यार्थीहरूलाई कालोपाटीमा प्रशस्त अभ्यास गराउनुपर्ने उल्लेख छ । कालोपाटीमा शब्दलेखि मेटाएर पुर्नलेखन गराउनु पर्दछ भनिएको छ । समूह प्रदान गरी अङ्कका आधारमा उत्साह जगाउने, मातृभाषाको अभ्यास बढी गराउने, सस्वर वाचन र

गृहकार्यमा बढी अभ्यास गराउने, वर्णविन्यास सम्बन्धी थप कक्षा सञ्चालन गर्ने आदि जस्ता थुप्रै सुझाव सहित यो शोधकार्य तयार भएको छ । यस शोधले प्रस्तुत शोधकार्यमा विद्यार्थीले गर्ने वर्णविन्यास र सबल सक्षम भाषाको प्रयोग गर्ने समचारदाताले गर्ने वर्णविन्यासगत त्रुटिको भिन्नता पहिल्याउनका लागि सहयोग गरेकाले उपयोग गरिएको छ ।

ढकाल (२०६९) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिको अध्ययन** शीर्षकमा यो शोधकार्य तयार गरिएको छ । यस शोधकार्यको अध्ययन विधिमा नमुना छनोट, सामग्री निर्माण, विश्लेषण व्याख्या रहेका छन् । उक्त शोधपत्रको मुख्य उद्देश्य कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिको पहिचान गर्नु, वर्णविन्यास सम्बन्धी त्रुटिको क्षेत्र र स्रोत पहिचान गर्नु, शिक्षणमा गर्नुपर्ने सुधार पहिल्याउनु तथा सुझाव दिनु रहेका छन् । यस अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । अध्ययनको सीमामा कालीकोट जिल्लाको सदरमुकाम स्थित, श्री पञ्चदेव उ.मा.वि.का कक्षा आठका ५० जना विद्यार्थीहरूलाई समेटिएको देखिन्छ । यसमा नमुना छनोटमा एउटा मात्र विद्यालयलाई समेटिएकोले यो त्यति उपयुक्त अध्ययन देखिएको छैन । यसमा हेरिएको ह्रस्वदीर्घ सम्बन्धी अध्ययनमा ह्रस्व इकारमा ५५.२ प्रतिशत, दीर्घ इकारमा ४२ प्रतिशत त्रुटि छुट्याइएको छ । ह्रस्व उकारमा ५०.४ प्रतिशत, दीर्घ ऊकारमा ४६.६६ प्रतिशत गरी जम्मा त्रुटिमा ४८.५६ प्रतिशत ह्रस्वदीर्घमा रहेको विश्लेषण गरेकी छन् । त्रुटिको तुलनात्मक अध्ययनमा श, ष, स को प्रयोगमा ६४.२ प्रतिशत, य र एको प्रयोगमा ३९.६ प्रतिशत क्ष, छे, क्ष्य र छ्यको प्रयोगमा ३८.६६ प्रतिशत, ग्यँ र ज्ञ को प्रयोगमा ३७.२ प्रतिशत, ब र व को प्रयोगमा २७.७१ प्रतिशत, हलन्त र अजन्तमा ३२.४ प्रतिशत, चन्द्रविन्दु शिरविन्दुमा ३६.४ प्रतिशत, पदयोग र पदवियोगमा १९.८ प्रतिशत त्रुटि रहेको देखाइएको छ । यस शोधपत्रको निष्कर्षमा समग्रतामा ३९.५५ प्रतिशत त्रुटि रहेको तथ्याङ्क उल्लेख गरिएको छ । यसले प्रस्तुत शोधकार्यबाट जनसङ्ख्या छनोट गर्न र उद्देश्य निर्धारण गर्न र विश्लेषण खण्डमा सहयोग गरेकाले यस अध्ययनमा उपयोग गरिएको छ ।

निउरे र घिमिरे (२०७२) द्वारा तयार पारिएको एम.एड.दोस्रो वर्षको **भाषिक अनुसन्धान विधि** पुस्तकमा सातवटा एकाइहरू समाविष्ट गरिएको छ । यस अनुसन्धान र भाषा सम्बन्धी कुरा उल्लेख गरिएको छ । यस पाठ्यपुस्तकमा अनुसन्धानको परिचय, परिभाषासहित समावेश गरिएको देखिन्छ । भाषिक अनुसन्धानका प्रकार, विशेषता, भाषा र भाषा शिक्षण सम्बन्धी अनुसन्धान, नेपालमा यसको स्थिति उल्लेख गरिएको छ । भाषिक अनुसन्धानका विधिहरू

सातवटा रहेका छन् । यसका विशेष विधिमा अन्तः प्रेक्षात्मक विधि, समस्या अध्ययन विधि र जातिभाषिक अध्ययन विधिको चर्चा गरिएको छ । भाषिक अनुसन्धान गर्ने क्रममा उपकरणको निर्माण, नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिहरूमा प्रश्नावली, अन्तर्वार्ता, मतावली, जाँच सूची र अवलोकन विधि रहेका छन् । भाषिक अनुसन्धानमा तथ्याङ्कीय प्रयोग चर/चर प्रतिशत गणना, औषत निर्धारण मानक विचलन, गुणाङ्कको सहसम्बन्ध आदि जस्ता गणितीय तथ्याङ्कको सिकाइ उपलब्धि हासिल गराइएको छ । यस भाषिक अनुसन्धान विधिमा शोध प्रस्ताव र यसका प्रमुख अङ्गहरू पनि उल्लेख्य रूपमा चर्चा गरिएको छ । यस अनुसन्धानले प्रतिवेदन तयार पार्दा अपनाउनु पर्ने सावधानीहरूलाई सिकाइ उपलब्धिमा समावेश गरिएको छ । अनुसन्धान कर्ताले अपनाउनु पर्ने सावधानी यसमा प्रयोग गरिने भाषा प्रतिवेदनको बँधाइ र छपाइका सन्दर्भमा यसलाई जोड दिँदै यो पुस्तक तयार गरिएको छ । यसबाट समग्र शोधकार्यमा सहयोग पुग्ने भएकाले उपादेयता रहेको छ ।

शर्मा र पौडेल (२०७३) द्वारा तयार पारिएको एम.एड. दोस्रो वर्षको **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा बाह्रवटा एकाइहरूलाई समाविष्ट गरिएको छ । यस पुस्तकमा सीप शिक्षणको सैद्धान्तिक परिचय र वर्णविन्यास शिक्षणको परिचय र प्रयोजन, वर्णविन्यासका प्रमुख त्रुटिको क्षेत्र उल्लेख गरिएको छ । यस पुस्तकले यस शोधकार्यको पृष्ठभूमि तयार गर्न सहयोग पुऱ्याएकाले उपयोग गरिएको छ ।

खत्री (२०७३) द्वारा **प्रहरी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त वर्णविन्यासगत त्रुटि** शीर्षकमा शोधकार्य तयार गरिएको छ । जनसङ्ख्या तथा नमुना छनोटका रूपमा सुर्खेत र बाँके जिल्लाका प्रहरी कार्यालयमा राखिएका सम्पूर्ण नागरिक बडापत्रका बोर्डलाई लिइएको छ । उक्त शोध सुर्खेत र बाँके जिल्लाका प्रहरी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त वर्णविन्यासगत त्रुटिहरू पहिचान गर्न, त्रुटिको वर्गीकरण गर्नु र निराकरणका लागि उपाय बनाउनु जस्ता उद्देश्यमा यो अध्ययन आधारित छ । प्रस्तुत अध्ययनमा वर्णविन्यासगत त्रुटि मात्र सीमित रही तथ्याङ्क सङ्कलनको लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसमा तथ्याङ्कका लागि प्राथमिक र द्वितीय स्रोतको रूपमा नागरिक बडापत्र लिइएको छ । उक्त बोर्डलाई नमुना छनोट गर्दा निर्णयात्मक नमुना छनोट पद्धतिमा आधारित रहेर गरिएको छ । प्रस्तुत अध्ययनमा आठवटा प्रहरी कार्यालयमा रहेका नागरिक बडापत्रहरूमा प्रयुक्त भाषिक त्रुटिको पहिचान गरी साङ्ख्यिकीबाट प्राप्त

तथ्याङ्कलाई प्रमाणिक मान्दै त्यसको तालिकीकरण गरिएको छ । यस शोधकार्यको तालिकामा वर्णविन्यासगत त्रुटिको मुख्य आधारहरू ह्रस्व र दीर्घ, चन्द्रविन्दु र शिरविन्दु, पञ्चम वर्ण, पदयोग र पदवियोग अन्तर्गत राखी अध्ययन विश्लेषण गरिएको बडापत्रमा त्रुटिको सङ्ख्याका आधारमा तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ । यस शोधपत्रले अध्ययनको शीर्षक छनोट, उद्देश्य निर्माण र सीमा निर्धारण गर्न सहयोग पुगेकाले उपयोग गरिएको छ ।

हमाल (२०७३) द्वारा **सुर्खेतबाट प्रकाशित दैनिक पत्रिकामा प्रयुक्त नेपाली भाषाको वर्णविन्यासगत त्रुटि अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । सुर्खेतबाट प्रकाशित दैनिक पत्रिकाहरूमा प्रयुक्त भाषाको वर्णविन्यासगत त्रुटि पत्ता लगाउनु, वर्णविन्यासगत त्रुटिको विश्लेषण गर्नु, पत्रिकाहरूमा भएका वर्णविन्यासगत त्रुटि सुधार गर्नका लागि सुझाव दिनु जस्ता उद्देश्यमा आधारित रहेको छ । प्रस्तुत अध्ययनमा सुर्खेतबाट प्रकाशित दैनिक पत्रिकाहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । यिनै दैनिक प्रकाशित पत्रिकाहरूमध्ये काँक्रेविहार दैनिक, सुर्खेत पत्र दैनिक र युग आह्वान दैनिक गरी तीनवटा पत्रिकाहरूलाई मात्र नमुना छनोटका रूपमा समेटिएको छ । यसका सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत सामान्य यादृच्छिक नमुना छनोटलाई चिठ्ठा विधिको रूपमा उपयोग गरिएको छ । नमुना छनोट गर्दा समानुपातिक स्तरीकृत नमुना छनोट पद्धति अपनाइएको छ । यसमा तथ्याङ्क सङ्कलन गर्दा स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई भाषिक अनुसन्धानका सामान्य विधिहरू अन्तर्गत वर्णविन्यास विधिका रूपमा पत्रिकाहरूमा पाइएका वर्णविन्यासगत त्रुटिलाई तालिकामा देखाइ व्याख्या र विश्लेषण गरिएको छ । यसमा पत्रिकाहरूमा पाइएका वर्णका त्रुटिलाई साङ्ख्यिकीको प्रयोग गरी प्रतिशताङ्कका हिसाबले भिन्नता छुट्याई तुलनात्मक विश्लेषण गर्ने निष्कर्ष निकालिएको छ । यसले प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण गर्न, नमुना छनोट गर्न र तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न सहयोग पुऱ्याएकाले उपयोग गरिएको छ ।

खत्री (२०७४) द्वारा **सुर्खेत छिन्चु बजारमा राखिएका होडिङबोर्ड र साइनबोर्डमा प्रयुक्त नेपाली भाषिक त्रुटि** शीर्षकमा तयार गरिएको छ । प्रस्तुत शोधपत्र सुर्खेत छिन्चु बजारभित्रका सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, निजी पसल तथा होटलमा राखिएका होडिङबोर्ड र साइनबोर्डमा प्रयुक्त नेपाली वर्णविन्यासगत त्रुटिको पहिचान गर्नु र त्रुटिको

वर्गीकरण गर्नु उद्देश्यमा केन्द्रित रहेको छ । यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । यस शोधपत्रको अध्ययनका क्रममा क्षेत्र भ्रमण विधि समेत प्रयोग गरी प्राथमिक र द्वितीय सामग्रीको प्रयोग गरिएको छ । सुर्खेत छिन्चु बजारमा राखिएका १० वटा होडिङबोर्ड र साइनबोर्डलाई नमुनाको रूपमा छनोट गरी जाँच सूचीका आधारमा तथ्याङ्क संकलन गरिएको छ । सुर्खेत छिन्चु बजार भित्रका होडिङबोर्ड र साइनबोर्डमा प्रयुक्त नेपाली भाषिक त्रुटिको अध्ययनमा सबैभन्दा बढी त्रुटि निजी पसलमा राखिएका साइनबोर्डमा भएको र सबैभन्दा कम त्रुटि सरकारी कार्यालयमा राखिएका होडिङबोर्डमा भएको छ । निजी क्षेत्रका १० वटा साइनबोर्ड मध्येमा ८ वटामा सबैभन्दा बढी ह्रस्वदीर्घ सम्बन्धी त्रुटि रहेको छ भने सरकारी र गैरसरकारी संघसंस्थाका १० वटा होडिङबोर्ड मध्येमा ४ वटामा क्रमशः ह्रस्वदीर्घ, पदवियोग र अन्य त्रुटि रहेको उल्लेख गरिएको छ । यसरी २० वटा होडिङबोर्ड र साइनेबोर्डमा ह्रस्वदीर्घ सम्बन्धी बढी त्रुटि रहेको पाइयो भने श र स, व र ब सम्बन्धी कम त्रुटि रहेको देखिन्छ । यस शोधपत्रमा उल्लेखित सम्पूर्ण होडिङबोर्ड र साइनबोर्डहरूमा त्रुटि हुनुको कारण सम्बन्धित निकायहरूको लापरवाही र असचेतता भएकाले नै होडिङबोर्ड र साइनबोर्डमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ । उक्त शोधमा त्रुटिको निराकरणका निम्ति होडिङबोर्ड र साइनबोर्डसँग सरोकार राख्ने सम्बन्धित निकाय, भाषाविद् व्यक्तिहरू सचेतता र सतर्क भई ध्यानाकर्षण गर्नु अति आवश्यक हुनुपर्ने सुझाव उल्लेख गरिएको छ । यस शोधपत्रले प्रस्तुत शोध अध्ययन पृष्ठभूमि निर्माण गर्न र विश्लेषण खण्डमा सहयोग गरेकाले यस शोधको उपयोग गरिएको छ ।

ढकाल (२०७४) द्वारा लिखित **नेपाली भाषा शिक्षण परिचय र प्रयोग** (अध्याय दस, पृष्ठ १७६) मा वर्णविन्यास शिक्षणको विस्तृत चर्चा गरिएको छ । जुन पुस्तक त्रि.वि. शिक्षा सङ्काय अन्तर्गत चार वर्षे र एक वर्षे वी.एड.को नेपाली ४३३ र ४९० को भाषा शिक्षणसँग सम्बद्ध सन्दर्भ पुस्तक हो । यस पुस्तकमा वर्णविन्यास शिक्षण परिचय, आवश्यकता र महत्त्व, वर्णविन्यासमा पाइने त्रुटि क्षेत्र, वर्णविन्यास शिक्षणका तरिका तथा कार्यकलापको व्याख्या र विश्लेषण यसमा गरिएको छ । यस शोधकार्यमा यो पुस्तकले अध्ययनको पृष्ठभूमि तथा सैद्धान्तिक खण्ड निर्माणमा सहयोग पुऱ्याएको छ ।

थारू (२०७४), द्वारा **राजापुर क्षेत्रमा बोलिने थारू भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्था बीच व्यतिरेकी विश्लेषण** शीर्षकमा मुख्यतया लिङ्ग, वचन, पुरुष, आदर, माउँ र

बच्चाका बीच सङ्गति र क्रिया र अनुकरणात्मक शब्दका बीच हुने सङ्गतिका बारेमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधकार्य राजापुर क्षेत्रमा बोलिने थारू भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्था बीचको समानता र असमानता पहिल्याउनु, ती दुई भाषा बीचको व्यतिरेकीका कारण थारू भाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा देखिने सङ्गतिगत कठिनाइ पत्ता लगाइ ती कठिनाइ निराकरणका लागि उपायहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ ।तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधि र पुस्तकालय विधिको प्रयोग गरिएको छ । नेपाली भाषाको आदरको छ वटै तह अनुसार सार्वनामिक कर्ता र क्रिया बीच आदरगत सङ्गति भएको पाइन्छ तर थारू भाषामा तीन तहमा मात्र सार्वनामिक कर्ता र क्रियाका बीच आदरगत सङ्गति भएको पाइन्छ । नेपाली र थारू दुबै भाषामा माउ र बच्चा बीत सङ्गति भएको पाइन्छ तर नेपाली भाषामा गाईसँग बाच्छा, भैँसीसँग पाडा, बाखासँग पाठा, कुकुरसँग छाउरो, कुखुरासँग चल्ला, घोडासँग बछेडो सङ्गति मिलाइन्छ तर थारू भाषामा गैयासँग बच्छ्वा, भैँसिन्यासँग पर्या, छेग्रीसँग पठ्रु, मुरगिनियासँग चिङ्गनी, कुकुरसँग पिल्रु, घोरुवासँग बच्चा सङ्गति मिलाएको छ । तसर्थ थारू भाष र नैपाली भाषमा शाब्दिक रूपमा माउ र बच्चा बीच सङ्गतिगत भिन्नता रहेको र नेपाली र थारू दुबै भाषामा क्रिया र अनुकरणात्मक शब्दका बीच सङ्गतिगत व्यवस्था रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधको विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

लुइटेल (२०७४) द्वारा तयार पारिएको **नेपाली वर्णविन्यास (नियम, समस्या र समाधान)** नामक पुस्तक प्रकाशन गरेका छन् । यस पुस्तकमा ह्रस्व-दीर्घ सम्बन्धी नियम, ब, व को प्रयोग सम्बन्धी नियम, य, यि, इ, यी, ई ये, ए को प्रयोग सम्बन्धी नियम ऋ, रि को प्रयोग सम्बन्धी नियम, श, ष, स को प्रयोग सम्बन्धी नियम, क्ष/क्षे/क्ष्य को प्रयोग सम्बन्धी नियम, छ/छे/छ्य को प्रयोग सम्बन्धी नियम, ज्ञ, ग्या, ग्य को प्रयोग सम्बन्धी नियम, चन्द्रबिन्दु र शिरबिन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी नियम, पदयोग र पदवियोग सम्बन्धी नियमहरू व्यापक रूपमा व्याख्या र विश्लेषण गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा सैद्धान्तिक खण्डको लेखन गर्न, प्रश्नावली तयार गर्न र विद्यार्थीहरूबाट सङ्कलित तथ्याङ्क सामग्रीलाई नतिजाको रूपमा व्याख्या र विश्लेषण गर्नमा सहयोग पुऱ्याएकाले उपयोग गरिएको छ ।

सोमै (२०७५) द्वारा **मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण** नामक शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा मगर भाषा र नेपाली भाषाको पदसङ्गति बीचको समानता र भिन्नता पहिल्याउनु, मगर भाषा र नेपाली भाषाबीचको पदसङ्गति पहिल्याइ मानक भाषा प्रयोगमा गर्ने त्रुटिको विश्लेषण गर्नु र मगर भाषा र नेपाली भाषामा लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष र भाव जनाउने शब्द र वाक्यको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखी तयार गरिएको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन र पुस्तकालयीय विधिको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त शोधकार्यमा सुर्खेत जिल्लाको नेवारे र चनौटे क्षेत्रमा बोलिने मगर भाषा र नेपाली भाषाबीच पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण गर्ने क्रममा दुबै भाषाका लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष र भावमा भएका समानता र भिन्नतालाई केलाउँदा यी सबै पक्षमा व्यतिरेक रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य प्रस्तुत शोधका लागि नेपाली भाषाको पृष्ठभूमि निर्माण गर्न, सैद्धान्तिक खण्ड लेखन र व्याख्या विश्लेषण गर्न सहयोग हुने भएकाले उपयोग गरिएको छ ।

पौडेल (२०७७) द्वारा **सुर्खेत वीरेन्द्रनगर नगरपालिकाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वर्णविन्यासगत त्रुटि** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वर्णविन्यासमा गर्ने त्रुटिहरूको पहिचान गर्नु, वर्णविन्यास सम्बन्धी त्रुटिका कारण पहिचान गर्नु, त्रुटि निराकरणका उपाय पत्ता लगाउने उद्देश्यसँग प्रस्तुत शोध सम्बन्धित रहेको छ । यसका निम्ति सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर २ का २ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत प्रति विद्यालयबाट ५ जनाका दरले ३ वटा विद्यालयबाट जम्मा १५ जना विद्यार्थीहरूलाई नमुनाका रुपमा छनोट गरिएको छ । ती विद्यार्थीहरूले नेपाली भाषाको वर्णविन्यासमा गर्ने त्रुटिको अध्ययन गरिएका छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । अध्ययनमा सङ्कलित तथ्याङ्कको विश्लेषणका आधारमा थारूभाषी विद्यार्थीहरूले ह्रस्वदीर्घ, श/ष/स, ट/त, थ/ठ, द/ड, क्ष/छे, ज्ञ/ग्याँ, हलन्त अजन्त, पदयोग, पदवियोग जस्ता वर्ण र मात्राहरूमा त्रुटि गरेको पाइयो । यी सबै वर्णहरूको छुट्टा छुट्टै अध्ययन गर्दा थारूभाषी विद्यार्थीहरूले द वर्णमा हुने शब्दको प्रयोगमा बढी त्रुटि गरेको पाइयो । साथै अन्य वर्णहरू प्रयोग भएका शब्दहरूमा पनि थारूभाषी विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । हलन्त अजन्त, ह्रस्वदीर्घमा

समेत त्रुटि गरेको पाइयो । यसरी त्रुटि देखिनुमा विषयवस्तुप्रति विद्यार्थीहरूले रुचि नदेखाउनु, कक्षा आठको नेपाली पाठ्यपुस्तकमा रहेको अनुच्छेद बाहिरबाट लिएको अनुच्छेद र विभिन्न शब्दहरू आदिलाई आधार बनाइ थारूभाषी विद्यार्थीहरूको वर्णविन्यास सम्बन्धी त्रुटि विश्लेषण गर्दा कुनै पनि विद्यालयका थारू भाषी विद्यार्थीहरूले शत् प्रतिशत शुद्ध लेखन गर्न सकेनन् । संस्थागत र सामुदायिक विद्यालयका थारूभाषी विद्यार्थीमा त्रुटिमा उस्ताउस्तै देखिएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले प्रस्तुत शोधकार्यको विश्लेषण खण्डमा सहयोग गरेकाले यसको उपयोग गरिएको छ ।

माथि उल्लेखित अनुसन्धान अनुसार वाक्यगठनगत त्रुटिको विभिन्न भाषाभाषीसँग सम्बन्धित अध्ययन अनुसन्धान थुप्रै भए तापनि सुर्खेत जिल्लाको सन्दर्भमा थारूभाषीसँग सम्बन्धित वाक्यगठनगत त्रुटि विश्लेषण भएको पाइँदैन । सुर्खेत जिल्लाका कक्षा ७ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि विश्लेषणसम्बन्धी यो अध्ययन नौलो हो । नि.मा.वि. तहको भाषिक क्षमता मा.वि. तहको मूल आधार हुने भएकोले यस शोधकार्यको विश्लेषणबाट निस्किएका त्रुटि, त्रुटि निराकरणका उपाय तथा निष्कर्ष र सुझाव भावी दिनमा थारूभाषी विद्यार्थीहरू, शिक्षण पेशामा आवद्ध शिक्षकहरू तथा सम्बन्धित सरोकारवालाहरूका लागि निकै उपयोगी हुने विचार गरी यो अध्ययन गरिएको छ ।

२.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारण

प्रस्तुत अध्ययनमा सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा निम्नानुसार प्रस्तुत गरिएको छ :

२.२.१ त्रुटि विश्लेषणको परिचय

कुनै पनि भाषा प्रयोगमा देखिने विचलन, भुल, गल्ती, रड्काई र चिल्लाई वा फिस्लाइलाई त्रुटि भनिन्छ र यसलाई अरू तरिकाले अशुद्ध प्रयोग अमानक प्रयोग, अव्यवस्थित प्रयोग आदि पनि भन्न सकिन्छ । यस्ता त्रुटिहरू नजानेर, कम जानेर, बेवास्ता गरेर, लापरवाही, कलम चिप्लेर वा जिब्रो रड्केर पनि हुने गर्दछ । “भाषाका त्रुटि क्षेत्र भनेका उच्चारण, वर्णविन्यास, रूपविन्यास, शब्दगठन, पदावली गठन, वाक्य गठन, प्रयोग, प्रयुक्त अर्थ, शैली आदि भाषाका विभिन्न तह र पक्षहरूमा देखिने विचलन नै हुन् (पौडेल, २०७३: २०३) ।” यिनै त्रुटिका क्षेत्रलाई आधार मानेर भाषा प्रयोगमा हुने त्रुटिको विश्लेषण गरिएको छ ।

त्रुटि विश्लेषण भाषा शिक्षणका क्रममा चर्चित र नवीन विषय हो । भाषा सिक्दा उच्चारणका क्रममा सिकारूले गर्ने विभिन्न खालका कमजोरीलाई त्रुटि भनिन्छ । भाषा सिकाइ एक कठिन कार्य हो । भाषा कुनै पनि त्रुटि विना सजिलै सिक्न सकिने विषय होइन । त्यसैले भाषा सिकाइको विषयमा त्रुटि हुनुलाई सामान्य रूपमा हेरिन्छ । सिकारूको प्रक्रिया कसरी चल्छ भन्ने जान्न उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटि महत्त्वपूर्ण हुन्छन् । यस्ता त्रुटिहरू पठन, उच्चारण, वाक्य गठन वर्ण विन्यास व्याकरण आदि विभिन्न भाषिक एकाइमा हुने गर्दछन् । जसमध्ये उच्चारणगत त्रुटिलाई यहाँ अध्ययन र विश्लेषण गरिएको छ ।

त्रुटि विश्लेषणको मुख्यतः अन्य भाषा वा दोस्रो भाषा सिकाइका क्रममा गरिने त्रुटिहरूको विश्लेषण गर्ने सन्दर्भमा विकसित भएको पद्दति भए तापनि मातृभाषा शिक्षणका सन्दर्भमा पनि त्रुटि विश्लेषणको उपयोग गर्ने गरेको पाइन्छ । परम्परागत रूपमा त्रुटिलाई असफलता र बौद्धिक कमजोरीको प्रतीकका रूपमा हेर्ने गरिन्थ्यो भने हाल यसलाई सफलता, प्रयास र विकासशील प्रक्रियाका रूपमा हेर्ने गरिन्छ । त्रुटिलाई मूलतः संरचनावादी र संरचनावादीहरूले त्रुटिलाई अभ्यासको कमी, आदत र असफलताको प्रतीक मान्दै यसलाई नकारात्मक दृष्टिकोणबाट हेर्दै सिकाइ/सिकारूको कमीकमजोरीका रूपमा स्वीकार गर्दछन् । किनभने यिनीहरू व्यतिरेकी भाषा विज्ञानसँगै बढी घनिष्ट सम्बन्ध राख्न खोज्छन् ।

त्यस्तै मनोवादीहरू सिकारूले त्रुटि नगरी भाषा सिक्न सक्दैनन् भन्दै त्रुटिलाई स्वभाविक रूपमा स्वीकार गर्छन् र सिकाइलाई प्रयत्न र भूलको सिद्धान्तअनुरूप लिने गर्दछन् । मूलतः चम्स्की र उनका अनुयायीहरूबाट अँगालिएको मनोवादको सशक्त उपज त्रुटि विश्लेषण हो । त्रुटि विश्लेषण सम्बन्धमा केही विद्वानहरूले व्यक्त गरेका भनाइ तथा परिभाषाहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

१. डेभिड क्रिष्टलका अनुसार- “भाषा शिक्षण र सिकाइमा विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने भूलहरूको पहिचान, वर्गीकरण तथा व्यवस्थित व्याख्या गर्ने प्रविधिलाई त्रुटि विश्लेषण भनिन्छ ।” (पौडेल, २०७३: १९९)

२. एस.पिट कर्डरका अनुसार “भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । त्रुटि विश्लेषणबाट उसले अझ कुन-कुन सिक्न बाँकी छ, सो पत्ता लगाउन सकिन्छ ।

उसले गरेका त्रुटिहरूको भाषावैज्ञानिक शब्दमा वर्णन र वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ, जसले भाषाका ती विशेषताहरू बताउँछन्, जसले गर्दा उसलाई भाषा सिकाइमा समस्या परिरहेको हुन्छ ।" (लम्साल र अन्य, २०६२: २१३)

३. त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित भएको दृष्टिकोण तथा पद्दति हो ।

४. "भाषा शिक्षणका सन्दर्भमा त्रुटि विश्लेषणको प्रारम्भ सन् १९७० को दशकपछि भएको हो । भाषा शिक्षणका सन्दर्भमा त्रुटिको स्वरूप विशेष महत्त्वको हुन्छ । भाषा सिक्ने सिकारूले के-कस्ता त्रुटिहरू गर्छन् र ती त्रुटिहरू के-कति कारणले हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ ।" (ढकाल, २०७० : १७१) ।

यसरी भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के-कस्ता प्रकृतिका त्रुटिहरू के कारणबाट गर्दछन् भनी गरिने अध्ययन विश्लेषण जसले ती त्रुटिहरूको निराकरण गर्न सहयोग पुऱ्याउँदछ, त्यसलाई त्रुटि भनिन्छ । त्यस्तै भाषा सिकाइको क्रममा विद्यार्थीहरूले सम्बन्धित भाषाको प्रयोगमा गर्ने त्रुटिमा आधारित विश्लेषणलाई नै त्रुटि विश्लेषण भनिन्छ ।

२.२.२ त्रुटि विश्लेषणको महत्त्व

विभिन्न भाषाविद्हरूको विचारलाई आत्मसात् गर्दै त्रुटि विश्लेषणको महत्त्वलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ (पौडेल, २०७३: १९९) :

१. त्रुटि विश्लेषणले सिकाइको प्रकृति र प्रवृत्तिलाई सङ्केत गर्न सहयोग गर्दछ ।

२. यसबाट सिकाइक्रम र प्रवृत्तिको समेत जानकारी प्राप्त हुने हुँदा सैद्धान्तिक तथा प्रायोगिक दुबै दृष्टिले यसको महत्त्व देखिन्छ ।

३. भाषिक सिकाइको अवस्थालाई बुझ्न यसले सहयोग गर्दछ ।

४. शिक्षकलाई शैक्षणिक योजना निर्माण गर्न, आगामी योजनाहरू तर्जुमा गर्न एवम् शिक्षण सामग्रीहरू निर्माण गर्न र अभ्यास गर्न यसले सहयोग गर्दछ ।

५. यसले भाषाका साथै त्यस भाषाका व्याकरणगत अभ्यासहरूमा गर्ने त्रुटिहरूको पहिचान गरी त्यसमा सुधार गर्न सहयोग गर्दछ ।

६. यसले व्यतिरेकी भाषाविज्ञान र मनोभाषाविज्ञानका सिकाइगत पूर्वानुमानको परीक्षण गर्दै पहिलो र दोस्रो भाषा सिकाइको विकास प्रक्रियाको जानकारी हासिल गर्न सहयोग गर्दछ ।

७. यसले लक्ष्यभाषा र स्रोतभाषाको दूरीले सरलता र जटिलताको मात्रा निर्धारण गर्दछ ।

यसरी त्रुटि विश्लेषण पहिलो वा दोस्रो भाषा सिक्दा भाषा सिकारूहरूका लागि भाषा सिक्ने र सिकाउने शिक्षार्थी र शिक्षकहरूका लागि महत्त्वपूर्ण हुन्छ । तसर्थ त्रुटि विश्लेषण महत्त्वपूर्ण हुनुका साथै उपयोगीमूलक रहेको छ ।

२.२.३ **त्रुटिको वर्गीकरण/प्रकार**

सामान्यतया भाषा सिकाइका क्रममा त्रुटिलाई स्वभाविक प्रक्रिया तथा सिकाइको क्रम वा प्रवृत्तिको सङ्केतको रूपमा लिइन्छ । भाषा सिकाइका क्रममा शिक्षार्थीहरूले गर्ने गरेका त्रुटिहरूलाई विभिन्न आधारमा हेर्न सकिन्छ । एकातिर त्रुटिहरूलाई भाषिक एकाइका आधारमा देखाउन सकिन्छ भने अर्कोतिर यिनलाई सिकाइ प्रक्रिया, त्रुटिगत पद्दति, प्रकृति एवम् प्रवृत्तिका आधारमा पनि औंल्याइन्छ (पौडेल. २०७३: २०३) ।

क. विकासशीलताको आधारमा त्रुटिको वर्गीकरण

१. नियमित त्रुटि

शिक्षार्थीले भाषा सिक्दै गरेको अवस्थामा सचेत हुँदाहुँदै पनि सुधार्न नसकिने खालका त्रुटि नै नियमित त्रुटि हुन् । भाषाको प्रयोग सचेतताका साथ गर्दा पनि शिक्षार्थीले सुधार्न नसक्ने प्रकृतिका त्रुटि नियमित हुन्छन् । यो त्रुटिले शिक्षार्थीको स्रोत, भाषा र लक्ष्य भाषाबीचको संक्रमणकालमा रहेको अवस्थाको प्रतिनिधित्व गर्दछ । यस्ता त्रुटि कुनै खास प्रकारको भाषिक समुदाय, वर्ग वा समूहका व्यक्तिहरूले गर्ने एकै प्रकारको त्रुटि हो (शर्मा र पौडेल, २०६८: ३१०) । यसका अलावा एउटै व्यक्तिले कहिलेकाँही अनेक किसिमका त्रुटिहरू गर्दछन् भने त्यसलाई नियमित त्रुटि भनिन्छ । जस्तै : म विद्यालय गयो । दशैंमा म मामाघर जान्छ ।

२. अनियमित त्रुटि

भाषा सिक्ने सिकारूले भाषा सिक्ने क्रममा असचेतता/अपरिपक्वताका कारणले गर्दा त्रुटि हुन जान्छ । यस्ता प्रकृतिका त्रुटिलाई नै अनियमित त्रुटि भनिन्छ (शर्मा र पौडेल, २०६८:

३११) । यस्ता त्रुटिको कुनै निश्चित क्षेत्र हुँदैन र यस्ता त्रुटि नितान्त वैयक्तिक प्रकृतिका हुने गर्दछन् । अनियमित त्रुटि प्रारम्भिक र असावधानीगत गरी दुई प्रकारका छन् :

(अ) **प्रारम्भिक त्रुटि**

भाषाको पूर्णतः नियम भङ्ग गर्ने त्रुटिहरूलाई प्रारम्भिक त्रुटि भनिन्छ । उक्त त्रुटि गर्ने शिक्षार्थीहरू त्यस भाषाको प्रारम्भिक सिकाइमै छन् र सचेत भए वा गराए पनि एक किसिमको नभए अर्को किसिमको गर्न सक्छन् (पौडेल, २०७३: २०७) । यस्ता त्रुटिहरूले उनीहरूको भाषा सिकाइको अन्योल स्थितिलाई सङ्केत गर्दछन् । यस्ता त्रुटि व्यक्ति सापेक्ष हुने हुँदा भाषा सिक्दै जाँदा स्वतः हट्छन् ।

(आ) **असावधानीगत त्रुटि**

सामान्यतया भाषा सिक्ने सिकारूले असचेत रूपमा भाषा प्रयोग गर्दा हुने त्रुटि असावधानीगत त्रुटि हो । भाषिक प्रयोगकर्ताले एउटै त्रुटिलाई पुनरावृत्ति नगरीकन कतै कुनै त कतै कुनै त्रुटि फेला पर्दछन् भने त्यस्ता त्रुटिलाई असावधानीगत त्रुटि भनिन्छ । एस.पिट.कर्डरले त्रुटिलाई निम्नलिखित तीन प्रकारमा वर्गीकरण गरेका छन् (पौडेल, २०७३: २०१) :

१. व्यवस्थित त्रुटि

२. अव्यवस्थित त्रुटि

३. उत्तर व्यवस्थित त्रुटि

व्यवस्थित त्रुटिलाई नियमित त्रुटि भनिन्छ । त्यस्तै व्यवस्थित त्रुटिलाई प्रारम्भिक त्रुटि र उत्तरव्यवस्थित त्रुटिलाई असावधानीगत त्रुटि भनिन्छ ।

ख. भाषाकोटिको आधारमा त्रुटिको वर्गीकरण

(१) **उच्चारणगत त्रुटि** : कुनै वर्ण, रूप, पद, पदावली, वाक्यांश वा वाक्यको उच्चारण गर्दा हुने त्रुटिलाई उच्चारणगत त्रुटि भनिन्छ । जस्तै : टाटालाई ताता भन्नु, तिमीलाई टिमी भन्नु । (पौडेल, २०७३: २०४)

(२) **वर्ण विन्यासगत त्रुटि** : लेखाइको क्रममा शिक्षार्थीले वर्ण विन्यासगत नियमहरूलाई भङ्ग गर्दै गर्ने त्रुटिहरूलाई वर्ण विन्यासगत त्रुटि भनिन्छ । जस्तै : गनेस आयो । भाइ विद्यालय गय । (ऐ. २०५)

(३) **व्याकरणगत त्रुटि** : रूपरचना, वाक्यरचना वा वाक्यान्तरणका क्रममा गर्ने त्रुटिलाई व्याकरणगत त्रुटि भनिन्छ । जस्तै : त्योहरू कहाँ गए ? (ऐ. २०५)

(४) **अर्थतात्विक त्रुटि** : शब्दहरूको प्रयोग गर्दा अर्थलाई ख्याल नगरी हुने त्रुटिलाई अर्थतात्विक त्रुटि भनिन्छ । जस्तै : हो र छ को अर्थमा फरक बुझ्न नसक्नु । जस्तै : हामी विद्यार्थी छ । लालीगुराँसका फूलहरू मुस्कुराए । (ऐ. २०५)

(५) **शैलीगत त्रुटि** : अनुपयुक्त तथा असान्दर्भिक शैलीको प्रयोग गर्दा हुने त्रुटिलाई शैलीगत त्रुटि भनिन्छ । (ऐ. २०५)

(६) **शब्दभण्डारगत त्रुटि** : शब्दनिर्माण र प्रयोगका क्रममा गर्ने त्रुटिलाई शब्दभण्डारगत त्रुटि भनिन्छ । जस्तै : थारूभाषी विद्यार्थीहरूले नेपालीको शब्द निर्माण प्रक्रियामा आकारान्त 'ली' लगाउँदा त्यस अगाडिको 'ला' हटाउने नियम थाहा नपाई हुम्ली हुनपर्नेमा हुम्लाली गरेको पाइयो (शर्मा र पौडेल, २०७३: २०६) ।

ग. स्रोतका आधारमा त्रुटिको वर्गीकरण

विद्यार्थी अथवा सिकारको भाषिक पृष्ठभूमिले पनि मौखिक अभिव्यक्तिमा त्रुटि जन्मिन सक्छन । यस्ता त्रुटिहरु प्रथम भाषिक स्रोत र द्वितीय भाषिक स्रोतबाट भएका त्रुटिका रुपमा पहिचान गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८: ३१२) । स्रोतका आधारमा भाषान्तरिक र अन्तरभाषिक गरी त्रुटि गरी दुई प्रकारका छन् । जुन यसप्रकार उल्लेख गरिन्छ :

(१) **भाषान्तरिक त्रुटि** : भाषा सिक्ने सिकारूले सिक्दै गरेको भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटि वा मातृभाषा आर्जनका क्रममा गरिने त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ । जस्तै : राजन पास हुयो ।

(२) **अन्तरभाषिक त्रुटि** : मातृभाषा बाहेक अन्य कुनै भाषा सिक्दा गरिने त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । जस्तै : थारूभाषी विद्यार्थीले हामी ४० जना छ । हामी कक्षा ६ मा पढ्छ । एकजना गोरू आयो । भन्नु ।

घ. गम्भीरताका आधारमा त्रुटिको वर्गीकरण

गम्भीरताका आधारमा अर्थघातक अर्थ-अघात गरी त्रुटि दुई प्रकारका छन् (शर्मा र पौडेल, २०६८: ३१३) । जसलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

(१) **अर्थघातक त्रुटि** : भाषा सिक्ने सिकारूले भाषा प्रयोग गर्दा जुन त्रुटि गर्छ, त्यो अर्थमा बाधा पुऱ्याई एउटा अर्थको सट्टा अर्कै अर्थ प्रदान गर्दछ भने त्यस्ता त्रुटिलाई अर्थघातक

त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू बढी हानिकारक हुन्छन् । जस्तै : टाटा भन्नुपर्ने ठाउँमा ताता भन्नु ।

(२) **अर्थअघातक त्रुटि** : त्रुटि भए तापनि विचार विनियममा बाधा उत्पन्न नहुने वा अर्थको अनर्थ नलाग्ने खालका त्रुटिलाई अर्थअघातक त्रुटि भनिन्छ । जस्तै : मानिस भन्नुपर्ने ठाउँमा मान्छे र किताबको ठाउँमा किताव लेखिनु वा भनिनु ।

ङ. व्यापकताका आधारमा त्रुटिको वर्गीकरण

व्यापकताका आधारमा व्यापक र आंशिक गरी त्रुटि दुई प्रकारका छन् (पौडेल, २०७३: २१०) । जुन यसप्रकार रहेका छन् :

१. **व्यापक त्रुटि** : भाषा सिक्ने सिकारूले भाषिक प्रयोग गर्दा सिङ्गै वाक्य/सङ्कथनलाई प्रभाव पार्ने खालका त्रुटि गरेमा त्यस्ता त्रुटिलाई व्यापक त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू गम्भीर प्रकारका हुन्छन् । जस्तै : राजन पढ्न मिहिनेती छ ।

२. **आंशिक त्रुटि** : सिकारूले भाषिक प्रयोग गर्दा त्रुटि गरे तापनि त्यस्ता त्रुटिले सिङ्गै वाक्य वा सङ्कथनलाई प्रभाव पार्दैन भने त्यस्ता त्रुटिलाई आंशिक त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू त्यति गम्भीर प्रकारका हुँदैनन् । जस्तै : हामीहरू जान्छु । दशैंमा मेरो दाइ विदेशबाट घर आउँछ ।

च. स्वरूपका आधारमा त्रुटिको वर्गीकरण

त्रुटिको बाह्य स्वरूपका आधारमा गरिएको वर्गीकरणलाई स्वरूपको आधारमा त्रुटिको वर्गीकरण भनिन्छ (शर्मा र पौडेल, २०६८: ३१३) । यस आधारमा त्रुटि लोपगत र थपोटगत गरी त्रुटिहरू निम्नलिखित दुई प्रकारका छन् :

१. **लोपगत त्रुटि** : सिकारूले सिकिरहेको भाषामा बोल्दा लेख्दा कुनै कुरा लोप हुन्छ भने त्यस्ता खालका त्रुटिहरूलाई लोपगत त्रुटि भनिन्छ । जस्तै : आको : आएको, भाको : भएको आदि ।

२. **थपोटगत त्रुटि** : सिकारूले लक्ष्य भाषा प्रयोग गर्दा कुनै कुराको आवश्यक थपोट गरी त्रुटि गर्छन् भने त्यस्ता त्रुटिलाई थपोटगत त्रुटि भनिन्छ । जस्तै : मैले : मइले, परसाद : प्रसाद, गरिपठायो : गऱ्यो आदि ।

छ. अनौचित्यको आधारमा त्रुटिको वर्गीकरण

अनौचित्यको आधारमा त्रुटि व्याकरणिक र सन्दर्भगत गरी निम्नलिखित दुई प्रकारका छन् :

१. **व्याकरणिक त्रुटि :** व्याकरणसँग सम्बन्धित त्रुटिलाई व्याकरणिक त्रुटि भनिन्छ । यस्ता त्रुटिअन्तर्गत रूपगत, वाक्यगत, वाक्यान्तरणगत त्रुटिहरू पर्दछन् ।

२. **सन्दर्भगत त्रुटि :** व्याकरणिक दृष्टिले शुद्ध वाक्य भए तापनि त्यसको प्रयोग गलत सन्दर्भमा भएमा त्यस्ता त्रुटिलाई सन्दर्भगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू व्याकरणिक त्रुटिहरू भन्दा बढी संवेदनशील हुन्छन् ।

२.२.४ त्रुटिका सम्भाव्य क्षेत्रहरू

त्रुटिका सम्भाव्य क्षेत्रहरू धेरै छन् तापनि यो अध्ययन वाक्यगठनगत त्रुटिसँग सम्बन्धित छ । (शर्मा र पौडेल, २०६८ : ३०४) का अनुसार त्रुटिका विविध सम्भाव्य क्षेत्रहरू भए तापनि निम्नानुसारका प्रमुख सम्भाव्य क्षेत्रहरू उल्लेख गरेका छन् :

१. उच्चारणगत त्रुटि
२. शब्दरचनागत त्रुटि
३. रूपरचनागत त्रुटि
४. शब्दप्रयोगगत त्रुटि
५. वाक्यगत त्रुटि

२.२.५ त्रुटि विश्लेषणका पद्दतिहरू

त्रुटिहरुको सामान्य वा विशिष्ट अध्ययनपश्चात त्रुटिको प्रकृति तथा स्रोत पत्ता लगाउन सकिन्छ । त्रुटि विश्लेषणका प्रक्रियात्मक पद्धतिको आधारमा ती त्रुटिलाई निराकरण गर्नु नै यसको सुगम मार्ग हो (लम्साल र अन्य, २०६२: २१५) । त्रुटि विश्लेषणका मुख्य दुईवटा पद्दतिहरू औंल्याएका छन् जुन यसप्रकार रहेका छन् :

१. पूर्वनिर्धारित कोटि पद्दति

यस पद्दतिमा शिक्षार्थीले गर्ने त्रुटिहरूका सम्भाव्य व्याकरणात्मक कोटिहरू पहिले नै पहिचान गरिन्छ । त्यसपछि शिक्षार्थीहरूबाट सङ्कलित त्रुटिहरूलाई निर्धारित कोटिअन्तर्गत वर्गीकरण गरी विश्लेषण गरिन्छ । यस्ता कोटिहरूमा उच्चारण, हिज्जे, वाक्य, रूप, वर्ण, शब्दभण्डार आदि पर्दछन् (ऐ., २०६२: २१५) । यस अध्ययनमा पूर्व निर्धारित कोटि पद्दति अपनाइएको छ ।

२. पश्चनिर्धारित कोटि पद्दति

यस पद्दतिमा सर्वप्रथम त्रुटिहरूको सङ्कलन गरिन्छ र त्यसपछि सङ्कलित त्रुटिहरूको वर्गीकरण गरिन्छ । यसरी वर्गीकरण गर्दा त्रुटिहरूलाई विभिन्न कोटि र उपकोटिहरूमा छुट्याउने गरिन्छ (लम्साल र अन्य, २०६२: २१५) । त्यस्तै यसमा सिकारूको भाषिक

प्रयोगगत अभिव्यक्तिहरूको विश्लेषणको आधारमा उसले के-कस्ता किसिमका त्रुटिहरू गर्दोरहेछ भन्ने कुरा पत्ता लगाइन्छ ।

२.२.६ त्रुटि विश्लेषणको प्रक्रिया

त्रुटिहरूको सङ्कलन गरेपश्चात् ती त्रुटिहरूको विश्लेषण गर्नु पर्दछ । ती भए गरेका त्रुटिहरूको के-कसरी विश्लेषण गर्ने भन्नु नै विश्लेषण प्रक्रिया हो (पौडेल, २०७३: २१२) । त्रुटि विश्लेषण गर्दा निम्नलिखित प्रक्रिया/चरणहरू आत्मसात् गर्नुपर्ने देखिन्छ ।

१. त्रुटिको पहिचान

त्रुटिको पहिचान गर्नु नै त्रुटि विश्लेषणको पहिलो क्रम हो । यसमा त्रुटि कहाँ र कसरी भएको छ भन्ने कुराको पहिचान गरिन्छ । यसका लागि विद्यार्थीहरूको अभिव्यक्तिको स्वराङ्कन गरिन्छ र सो स्वराङ्कनको सुक्ष्म अध्ययन गरी देखिएका त्रुटिहरूको पहिचान गरिन्छ ।

२. त्रुटिको सङ्कलन

यो त्रुटि विश्लेषणको प्रक्रियाको पहिलो चरण/प्रक्रिया हो । त्रुटिको पहिचानका आधारमा विद्यार्थीहरूले अभिव्यक्तिका क्रममा गरेका त्रुटिहरूको सङ्कलन ने त्रुटिको सङ्कलन हो ।

३. त्रुटिको वर्णन वा व्याख्या

त्रुटि कुन प्रकृतिको हो ? त्रुटिहरू हुने कारणहरू के-के हुन् ? त्रुटि मातृभाषा/ विमातृभाषाको कारणबाट उत्पन्न भएको हो ? त्रुटि कुन क्षेत्रसँग सम्बन्धित छ ? आदिको वर्णन वा व्याख्या गर्ने काम त्रुटि विश्लेषणअन्तर्गत पर्दछ ।

४. त्रुटिको निराकरण

त्रुटिको निराकरणलाई त्रुटिको समाधान पनि भनिन्छ । विश्लेषणले त्रुटिहरूको अध्ययन विश्लेषणबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तिनको निराकरण गर्ने उपाय अपनाउनु, त्रुटिहरूलाई कम गराउनु र त्रुटि नगर्ने बनाउनु नै त्रुटिको निराकरण हो (पौडेल, २०७३: २१३) । शिक्षार्थीहरूको मातृभाषा र त्यसको पृष्ठभूमि पहिचान गरी त्रुटिक्षेत्रबारे वर्णन वा व्याख्या विश्लेषण आदिद्वारा त्रुटिहरूलाई कम गर्ने प्रक्रियालाई नै त्रुटिको निराकरण भनिन्छ ।

२.२.७ त्रुटि विश्लेषण र भाषा शिक्षण

भाषा सिकाइको एक अभिन्न अङ्गका रूपमा त्रुटि विश्लेषणलाई लिइन्छ । त्रुटिविना भाषा सिकाइ सम्भव छैन । सिकारूले सिक्दै गरेका भाषिक त्रुटि विश्लेषणबाट शैक्षणिक कार्यमा सहयोग गर्नुका साथै शिक्षण सामग्री प्रयोग गर्न, पाठ्यक्रम निर्माण गर्न, दोस्रो/अन्य भाषाको रूपमा भाषा शिक्षण गर्न, पाठ्यपुस्तक लेखन गर्न समेत यसले सहयोग गर्दछ । तसर्थ त्रुटि विश्लेषण र भाषा शिक्षण एक अर्कामा परिपूरक हुन् । यी दुईमध्ये एकको अभावमा शिक्षण कार्य अपूर्ण हुने सम्भावना देखिन्छ । त्यस्तै भाषा शिक्षणमा त्रुटि विश्लेषणात्मक अध्ययनबाट विद्यार्थीहरूलाई लक्षित भाषासम्म पुग्न के-कतिको आवश्यक पर्छ ? उनीहरूमा के-कति कमजोरीहरू छन् ? आदिबारे जानकारी प्राप्त हुने हुँदा त्रुटि विश्लेषण भाषा विकासका नियमित प्रकृतिहरूको खोजी गर्न र तिनमा भएका अपूर्णता पत्ता लगाउनुसँग विशेषगरी सम्बन्धित छ । तसर्थ विभिन्न तहमा विभिन्नखाले त्रुटिहरू हुन सक्ने भएकाले व्याख्या गरी भाषा शिक्षण गर्नुपर्ने टड्कारो देखिन्छ । यो अध्ययन सुर्खेत जिल्लाको लाटीकोइली स्रोतकेन्द्रअन्तर्गतका थारू मातृभाषा भएका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठन गर्दा के कस्ता त्रुटि गर्छन् भन्नेसँग सम्बन्धित रहेको छ । हाल विद्यालयमा नेपाली भाषा कक्षा १ देखि नै अनिवार्य विषयका रूपमा रहेको छ । थारू मातृभाषा भएका विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्दा अनेक प्रकृतिका त्रुटि त गर्छन् नै । तसर्थ नेपाली भाषा शिक्षण गर्ने शिक्षकले यी विविध कुरालाई ख्याल गरेर शिक्षण गर्नु उपर्युक्त देखिन्छ (शर्मा र पौडेल, २०६८: ३०१) ।

त्रुटि विश्लेषणलाई भाषा सिकाइका लागि एक अभिन्न अङ्गका रूपमा लिइन्छ । शिक्षार्थीहरूले भाषा सिक्ने क्रममा के-कस्ता खालका त्रुटिहरू किन र कसरी गर्दछन् ? त्यस्ता त्रुटिहरूको सङ्कलन, वर्गीकरण, व्याख्या-विश्लेषण र निराकरण गर्ने प्रक्रियालाई नै समग्रमा त्रुटि विश्लेषण प्रक्रिया भनिन्छ ।

२.३ वाक्यगठनगत त्रुटिको सैद्धान्तिक अवधारणा

यस अध्ययनमा वाक्यगठनगत त्रुटिको सैद्धान्तिक अवधारणा अन्तर्गत वाक्यको परिचय, परिभाषा, वाक्य गठनका तत्व, वाक्य गठन त्रुटिका प्रवृत्तिहरू, वाक्य गठनका त्रुटिहरू जस्ता उपशीर्षकमा समावेश गरी व्याख्या र विश्लेषण गरिएको छ :

२.३.१ वाक्यको परिचय

सामान्यतः उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । यसको संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू अनिवार्य रूपमा आउनुपर्ने देखिन्छ । त्यस्तै वाक्यको संरचनामा एक वा एकभन्दा बढी उद्देश्य र एक वा एकभन्दा बढी विधेय रहन्छन् । वाक्यको निर्माण उपवाक्यबाट हुन्छ । उपवाक्य नै वाक्यका संरचक घटक हुन् । त्यस्तै "कर्ता र क्रियापद वा उद्देश्य र विधेय भएको भाषिक एकाइ, कथन, प्रश्न, आज्ञा आदि जनाउन प्रयोग हुने भाषिक संरचना, लेखाइमा पूर्णविराम, प्रश्नचिह्न आदिले छुट्याइने भाषाको एकाइ नै वाक्य हो ।" (भट्टराई र ढुङ्गेल, २०७३ : ८८९) । वाक्य एक स्वतन्त्र भाषिक एकाइ हो । यो पूरा कुरा बुझाउने अर्थयुक्त एकाइ हो । उद्देश्य र विधेय दुबै खण्ड हुन यसको पूर्णताको सूचक हो । यो समापक विरामले युक्त एकाइ हो । लेखाइ वा बोलाइमा पूर्णविराम वा प्रश्नवाचक चिह्नका साथ टुङ्गिनु यसको मुख्य विशेषता हो । वाक्यले नै अनुच्छेद तथा सङ्कथनको निर्माण गर्छ । वाक्यलाई संरचनाका आधारमा सरल, संयुक्त, मिश्र र मिलित गरी चार प्रकारमा अर्थ वा प्रकार्यका आधारमा सामान्य वाक्य, प्रश्न वाक्य, आज्ञा वाक्य, विस्मय वाक्य गरी चार प्रकारमा वर्गीकरण गर्ने गरेको पाइन्छ ।

२.३.२ वाक्यगठनको परिचय

भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के-कस्ता प्रकृतिका त्रुटिहरू के कारणबाट गर्छन् भनी गरिने अध्ययन विश्लेषण जसले त्रुटिहरूको निराकरण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ, यसलाई नै त्रुटि विश्लेषण भनिन्छ (ढकाल, २०७०: ३०९) । नेपाली भाषा शिक्षणका सन्दर्भमा त्रुटि विश्लेषण भरखर चर्चित भएको विषय हो । भाषा शिक्षणका क्षेत्रमा सन् १९७० को दशकपछि यसको महत्त्व अगाडि बढेको देखिन्छ ।

त्रुटि विश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्दति हो तापनि त्यसकै समस्थिति र अशंतः केही भिन्न स्थितिमा पनि यसको उपयोग गर्न सकिने कुरा विभिन्न भाषा तथा भाषिका भाषिक पृष्ठभूमि भएका नेपाली शिक्षार्थीहरूले मानक नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने र उक्त त्रुटिको अध्ययन भाषा शिक्षणमा प्रभावकारिता थप्न निकै उपयोगी हुने ठानिएको छ (ऐ. : ३०९) । विशेषगरी नेपाली शिक्षार्थीहरूले वाक्यगठनमा त्रुटि गर्ने गरेको पाइन्छ ।

भाषाविज्ञानको एक महत्त्वपूर्ण पक्षको रूपमा वाक्यगठन रहेको देखिन्छ । पदरूको उपर्युक्त समूह नै वाक्य हो । यसमा कर्ता, कर्म र क्रियाको निश्चित क्रम हुनुपर्दछ । कुनै पनि अर्थपूर्ण वाक्यमा आवश्यक तथा अनिवार्य तत्त्वका रूपमा उद्देश्य र विधेय हुनुपर्दछ । वाक्यगठनविना भाषा सरल, सुसंगठित र नियमित रूपमा सञ्चालन हुन सक्दैन । भाषालाई निश्चित अर्थ दिन भाषाले व्यक्त गर्ने अभिव्यक्ति छुट्याउन, स्पष्ट्याउन वाक्यगठनका विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यस्तै निश्चित् तथा संगठित रूपमा सामान्यार्थ र लक्ष्णार्थ बोध गर्ने व्याकरणिक र कोशीय अर्थ पनि वाक्यगठनका विभिन्न पक्षहरूबाट नै ज्ञान हुने भएकाले वाक्यगठनको महत्त्वपूर्ण भूमिका रहेको कुरा प्रमाणित हुन्छ । वाक्यगठनका दृष्टिले स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृत्ति धेरै पाइन्छ । यसो हुनुको मुख्य कारणचाहिँ वातावरणीय प्रभाव, मातृभाषाको प्रभाव, द्विभाषिक आदान-प्रदान आदि विभिन्न देखिन्छ । नेपाली भाषाका सन्दर्भमा तराई र पहाडी क्षेत्रका विभिन्न मातृभाषा भएका शिक्षार्थीहरूले विभिन्न किसिमका देखिन्छन् तर ती त्रुटिहरू सबैका एउटै किसिमका नभएर फरक-फरक किसिमका देखिन्छन् । यस परिप्रेक्ष्यमा नेपाली भाषाको शुद्ध एवम् स्तरीय वाक्य रचनासम्बन्धी सीप सिकेर भाषिक परिष्कार र समृद्धि प्राप्त गर्न मद्दत पुऱ्याउन वाक्यगठन शिक्षण अत्यावश्यक देखिन्छ । नेपाली भाषाका आधारभूत वाक्यगठनका ढाँचाहरू (शर्मा र पौडेल, २०७३ : १४९) यसरी प्रस्तुत गरेका छन् :

(क) कर्ता + क्रियापद : भाइ आयो ।

(ख) कर्ता + कर्म + क्रियापद : म भाइलाई पढाउँछु ।

(ग) कर्ता + पूरक + क्रियापद : राजन परिश्रमी छ ।

(घ) कर्ता + क्रियायोगीक + क्रियापद : राम कक्षामा जान्छ ।

(ङ) कर्ता + अप्रत्यक्ष कर्म + प्रत्यक्ष कर्म + क्रियापद : रामले श्यामलाई कलम दियो ।

(च) कर्ता + क्रियायोगीक + कर्म + क्रियापद : दशैंमा बुवाले मलाई नयाँ लुगा किनेर ल्याइदिनुहुन्छ ।

(छ) कर्ता + कर्म + पूरक + क्रियापद : राजनले पुष्पलाई दाजु भन्छ ।

२.३.३ वाक्यगठनमा व्याकरणिक कोटिको आधार

वाक्यगठनका सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न अभिव्यक्ति दिएका छन् । जसमध्ये केही विद्वानहरूका परिभाषा यसप्रकार छन् :

"व्याकरणात्मक कार्य अन्तर्गत प्रत्ययहरूद्वारा सङ्केत गरिएका लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक आदि बुझिन्छ । नेपाली भाषामा शब्द र क्रियासँग सम्बद्ध हुन आउने विभिन्न किसिमका प्रत्ययहरूद्वारा यी कोटिहरूको बोध हुन्छ ।" (गौतम र अन्य, २०६९: १७१) ।

"नेपालीमा शब्दलाई वाक्यमा प्रयोगयोग्य रूप बनाउने निश्चित प्रक्रिया हुन्छ, जसलाई रूपायन भन्दछन् । व्याकरणिक अर्थको अभिव्यक्तिका लागि शब्दमा गरिने परिवर्तनलाई रूपायन भनिन्छ ।" उनका अनुसार व्याकरणिक अर्थले वाक्यगठनका पक्षहरू जस्तै : लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव आदिलाई बुझाउँछ । (न्यौपाने र अन्य, २०७३: ५८)

"वाक्यमा लिङ्ग, वचन, कारक, पुरुष, काल आदि छुट्टिएन भने शब्दहरू जिउन सक्दैनन्, जसबाट वाक्यमा व्यवस्थितता आउँछ ....।" यसरी व्याकरणिक कोटिका आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्दछन् । (न्यौपाने र अन्य, २०७३: ५८)

"कोशीय अर्थी भएका एकाइ शब्द/धातु/प्रतिपादिकलाई वाक्यात्मक सम्बन्ध र व्याकरणिक अर्थको अभिव्यक्तिका लागि गरिने परिवर्तनलाई रूपायन भनिन्छ । शब्दमा गरिने रूपायनले त्यस शब्दको कोटिमा परिवर्तन गरिदिन्छ । व्याकरणात्मक अर्थको परिवर्तनका लागि शब्दमा विभिन्न लिङ्ग, पुरुष, काल, पक्ष र भाव जनाउने गरी रूपायक प्रत्ययहरू गाँसिन्छन् ।" (ढकाल, २०७० : १३०) ।

माथिका परिभाषाहरूका आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने वाक्यगठन प्रक्रियामा व्याकरणका विभिन्न कोटिहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्याकरणिक कोटि भाषा तथा शब्दवर्गको जीवन्त पक्ष हो । यसले पद-पदबीचको अन्तरसम्बन्ध देखाउनुका साथै व्याकरणात्मक कार्यको बोध गराउँछ र शब्दको निश्चित अर्थसमेत प्रदान गर्दछ ।

२.३.४. वाक्यगठनका तत्त्वहरू

वाक्यगठनका तत्त्वहरूलाई वाक्यगठनका पक्षहरू पनि भनिन्छ । वाक्यगठनका क्रममा आवश्यक पर्ने सम्पूर्ण कुराहरूलाई वाक्यगठनका तत्त्वहरू/पक्षहरू भनिन्छ । वाक्यगठनका पक्षहरूका सम्बन्धमा पनि विभिन्न भाषाविद्हरूबीच फरक-फरक धारणा/अभिमत रहेको पाइन्छ :

नेपाली वाक्यगठनका आधारभूत तत्त्वअन्तर्गत लिङ्ग, वचन, आदर, पुरुष, काल र वाच्यलाई लिइएको छ ।वाक्यगठनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयाधिबोधक, निपात आदि पदवर्गको साथै लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य आदिको रूपायन हुने भएकाले यी सबै वर्गलाई एकै समूहमा राख्नुपर्दछ । "व्याकरणात्मक धारा ती हुन् जसले विभिन्न वस्तु, विचार र भाव जनाउने पदवर्गका अतिरिक्त रूपायन भई वा विभिन्न प्रत्ययहरू थपि व्याकरणात्मक कार्य निष्पन्न गर्दछ । (न्यौपाने र अन्य, २०७३) । जुन भाषाविद्ले जे भने तापनि नेपाली भाषामा वाक्यगठनका निम्नलिखित नौ व्याकरणिक कोटिहरू वा पक्षहरू हुनै पर्दछ । जुन यसप्रकार रहेका छन् : लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, आदर र कारक । माथि उल्लेखित तत्त्वहरू/पक्षहरूसम्बन्धी सैद्धान्तिक चर्चा क्रमशः तल गरिएको छ :

(क) लिङ्ग

लिङ्ग भाले वा पोथि जातीको बोध गराउने व्याकरणात्मक कोटि हो । यसको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियामा हुन्छ । भाले जातीलाई बुझाउने पुलिङ्ग र पोथि जातीलाई बुझाउने स्त्रीलिङ्ग गरी नेपालीमा लिङ्ग दुई किसिमका छन् । लिङ्गको भेद मूलतः शब्दात्मक र वाक्यात्मक आधारमा गरिएको हो । नामसँग सम्बद्ध भएका आधारा शब्दात्मक लिङ्गभेद रहन्छ भने क्रियासँग सम्बद्ध भएका आधारमा वाक्यात्मक लिङ्गभेद देखिन्छ (गौतम र अन्य, २०६९: १७२) । जुनसुकै भाषाका वाक्यमा नामसँग अर्को कुनै शब्द (सर्वनाम, विशेषण, कोटिकर, सम्बन्धपद र क्रिया) को पदसङ्गतिका भेदले जति किसिमको अर्थ भेद देखिन्छ त्यसलाई लिङ्ग भन्दछन् ।।



"स्त्री वा पुरुष, भाले वा पोथी बुझाउने शब्दलाई लिङ्ग भनिन्छ ।" (लुइँटेल र गौतम, २०७०: ५७) । यसप्रकार नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग मानवीय नाममा मात्र देखिन्छ । मानवेतर नाममा लिङ्ग र व्याकरणात्मक अर्थभेदक स्थिति छैन । मानवेतर नामको लिङ्ग व्यतिरेकी अवस्थामा देखिँदैन । जस्तै : गाई करायो । गोरू करायो । भैंसी घाँस खान्छ । राँगो घाँस खान्छ । आदिमा कर्ता, पुलिङ्गी र स्त्रीलिङ्गी भए तापनि नाममा मात्र लिङ्ग प्रस्तुत भएको छ तर क्रियामा लिङ्गगत रूपायन भएको पाइँदैन ।

(ख) वचन

नेपाली भाषामा सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । किनभने वचनको सम्बन्ध सङ्ख्यासँग रहेको पाइन्छ । नेपाली भाषामा नाम, सर्वनाम, विशेषण र क्रियापदमा वचनभेद देखाइन्छ । विभिन्न भाषाविद्हरूले वचनका सम्बन्धमा आ-आफ्नै किसिमबाट परिभाषा दिएका छन् । जसमध्ये केही भाषाविद्हरूका परिभाषालाई तल प्रस्तुत गर्न सकिन्छ : "सङ्ख्याको बोध गराउने व्याकरणिक कोटि वचन हो । नेपालीमा एउटा सङ्ख्यालाई जनाउने एक वचन र धेरै सङ्ख्या जनाउनेलाई बहुवचन भनिन्छ । संस्कृत जस्ता भाषामा एउटा सङ्ख्या बुझाउनेलाई एक वचन र दुई वटा सङ्ख्या बुझाउनेलाई दुई वचन र दुई भन्दा बढी सङ्ख्या बुझाउनेलाई बहुवचन भनिन्छ ।" (गौतम र अन्य, २०६९: १७३) । वाक्यमा नामको एक वा अनेक सङ्ख्याअनुसार सबै विकारी (नाम, सर्वनाम, विशेषण र क्रिया) पदमा देखिने प्रत्यय वा संरचनाको भेदलाई वचन भनिन्छ, जुन विश्वकै भाषामा पाइने नामको एउटा लिङ्ग, जस्तै व्याकरणिक कोटि हो । भन्दै यसलाई वाक्यगठनको एक महत्त्वपूर्ण एवम् अनिवार्य तत्त्वका रूपमा प्रस्तुत गरेका छन् । भाषिक व्यवस्थाअनुसार कुनै भाषामा नामसँग मात्र कुनैमा क्रिया, कुनैमा क्रिया तथा विशेषणसँग मात्र वचनको सम्बन्ध रहेको पाइन्छ । नेपाली भाषामा वचनको सम्बन्ध नाम, सर्वनाम, विशेषण र क्रियासँग रहेको हुन्छ ।

(ग) पुरुष

वाक्यगठनका विविध तत्त्वहरू/पक्षहरूमध्ये पुरुष पनि एक महत्त्वपूर्ण तत्त्व हो । यसको सर्वनाम र क्रियासँग अभिन्न सम्बन्ध रहेको हुन्छ । "कुनै पनि शब्द बोल्ने वा लेख्ने व्यक्ति, सुन्ने वा पढ्ने व्यक्ति र बोल्ने वा सुन्नेले जसका बारेमा कुरा गर्दछ । त्यसलाई बुझाउन आउने शब्दलाई पुरुष भनिन्छ ।" (लम्साल र अन्य, २०६२: १४५) । पुरुषले व्यक्तिलाई

बुझाउँछ । पुरुष सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि/धारा हो । यसले वक्ता, स्रोत र अन्य व्यक्तिलाई सङ्केत गर्दछ । नेपाली भाषामा प्रथम, द्वितीय र तृतीय पुरुष गरी तीन प्रकारका पुरुष प्रचलनमा रहेका छन् ।

(घ) काल

काल समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो । यसले कुनै पनि काम भएको, भइरहेको र हुने समयलाई जनाउँछ । नेपाली भाषामा क्रियाका रूपद्वारा कालको बोध हुन्छ । "कुनै पनि वाक्यको कथन, समयको अवस्थामा त्यस वाक्यको क्रियापदले बताउने समयको भेद नै काल हो । क्रियापदबाट व्यक्त समय नै काल हो वा कुनै पनि वाक्यमा प्रयोग गरिएको क्रियापदको रुपबाट व्यक्त हुने समयलाई काल भनिन्छ । वाक्यको क्रियापदमा व्यक्त भएको समयलाई आधार बनाएर कालको निर्धारण हुने गर्दछ (लुइटेल र गौतम, २०७०, ८५)" । कुनै पनि वाक्यमा जुन कुरा बताइएको छ, त्यो घटना कहिले घटेको हो भन्ने क्रियाको समय बुझाउने व्याकरणिक कोटि काल हो । अर्को शब्दमा भन्दा क्रियाका कार्यव्यापारलाई काल भन्दछन् । परम्परागत व्याकरणमा काल वर्तमान, भूत र भविष्यत् गरी तीन प्रकारका मानिन्छन् भने हाल भूत र अभूत गरी काल दुई प्रकारका रहेका छन् ।

(ङ) पक्ष

कालको विशेष अवस्थामा घटित क्रियाको बोध गराउने वाक्यगठनको कोटिलाई पक्ष भनिन्छ । अर्को शब्दमा भन्दा क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि नै पक्ष हो र यसले कुनै पनि काम कुन समयमा भयो भन्ने कुरा जनाउनुका साथै समयमा काम भएको वा नभएको, अघिदेखि वा भर्खरै सकिएको बारे पनि अवगत गराउँछ । "क्रियापदबाट व्यक्त हुने कालका सूक्ष्म भेदहरु नै पक्ष हुन् । पक्ष पनि कालजस्तै क्रियापदबाट व्यक्त हुने व्याकरणिक कोटी हो । पक्षले कुनै कालमा भएको अवस्थालाई जनाउँछ । यसले कुनै पनि कालमा कार्य भइरहेको, कार्य समाप्त भएको तथा कार्य कस्तो स्थितिमा रहेको छ भन्ने जानकारी दिन्छ ।" (लुइटेल र गौतम, २०७०: ८६) । पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन कालावधिमा भयो भन्ने कुरा बताउँछ ।।

"कुनै खास कालभित्रका कुनै काम पूरा भइसकेको छ कि छैन, काम पूरा भएको वक्ताले पहिले नै चाल पाएको थियो कि भर्खरै चाल पायोजस्ता कुनै खास परिस्थिति भित्रका मसिना कुराहरूको अतिरिक्त जानकारी पनि क्रियामा प्रयोग भएका रूप तत्त्व (उपसर्ग वा

प्रत्यय) बाट थाहा हुन्छ भने काल विशेषको कुनै खास परिस्थिति भित्रका त्यही विभिन्न अतिरिक्त संरचनालाई कालका पक्ष भनिन्छ" (लुइटेल र लुइटेल, २०६९:५६) । पक्षले खास कालको परिवेशभित्रका क्रिया कार्यको प्रकृति तथा विवरणलाई जनाउँछ ।

निष्कर्षस्वरूप यो भन्न सकिन्छ कि भूत र अभूतकालमा घटेका घटनाहरूका क्रियाभेदहरूलाई नै पक्ष भनिन्छ । त्यस्तै पक्षलाई कालको सुक्ष्म प्रकार पनि भन्ने गरिन्छ र यो क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने गर्दछ । भूतकालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच प्रकारका र अभूतकालका सामान्य, अपूर्ण र पूर्ण गरी तीन प्रकारका छन् (लुइटेल र गौतम, २०७०: ८६) । यसरी पक्षलाई निम्नानुसार वर्गीकरण गर्नुचाँहि सान्दर्भिक देखिन्छ :

वर्तमानकाल : सामान्य, पूर्ण र अपूर्ण ।

भूतकाल : सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त ।

भविष्यत्काल : सामान्य, पूर्ण, अपूर्ण र सम्भावना ।

(च) भाव

भाव भनेको अर्थ हो । भाव क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसको सम्बन्ध पूरै वाक्यसँग रहेको देखिन्छ । यसले कामको निश्चितता, अनिश्चितता, आज्ञा, इच्छा, सङ्केत, प्रश्न आदि बुझाउँछ । "वक्ताको मनोभाव बुझाउने धातु वा क्रियासँग सम्बन्धित रुपायनिक कोटिलाई भाव, अर्थ वा वृत्ति भनिन्छ । यसले काल र पक्ष बाहेक निश्चय, अनिश्चय, सम्भावना, अनुमान, आज्ञा, इच्छा जस्ता वक्ताको मनोभावलाई अभिव्यक्त गर्दछ" (न्यौपाने र अन्य, २०७३: १०२) । भाव क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो र यसको सम्बन्ध पूरै वाक्यसँग रहन्छ । कुनै वस्तु वा विषका अस्तित्वमा आउने, रहने वा प्रस्तुत हुने स्थिति वा तत्त्व, अस्तित्व नै भाव हो ।

"क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ" (अधिकारी, २०७३ : १२५) । माथिका भनाइको आशयअनुसार वक्ताले आफ्ना मनका भावना, इच्छा, आज्ञा, सङ्केत, सम्भावना आदिजस्ता भावहरूमध्ये कुनै एकलाई महत्त्व दिई प्रकट गर्ने तरिका/शैली नै भाव हो ।

(छ) वाच्य

वाच्य भनेको भनाइ हो । वाक्यमा कर्ता, कर्म र भावको अर्थ बुझाउने तथा कुनै एउटासँग सम्बन्ध राख्ने क्रियापद नै वाच्य हो । वाक्यगठनका महत्त्वपूर्ण कोटिहरूमध्ये वाच्य पनि एक हो । मुख्यगरी यो क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो । वाक्यमा प्रयुक्त कर्ता, कर्म र भावको कार्यव्यापारको बोध हुने हुँदा त्यसै अनुसारको क्रियाका रूपहरूमा परिवर्तनका सङ्केतहरू देखापर्दछन् । "वाक्यमा आएका विविध पदहरु मध्ये कुनै एकलाई कथ्य बनाइ तदनुरुपको सङ्गति व्यवस्था निर्धारण गर्ने रुपायनिक कोटिलाई वाच्य भनिन्छ । यो पनि क्रियामा अभिव्यक्त हुन्छ । नेपालीमा कर्तु र अकर्तु गरी दुई किसिमको वाच्य व्यवस्था रहेको देखिन्छ" (न्यौपाने र अन्य, २०७३: १०३) । क्रियाको अन्तिम प्रत्यय वाक्यमा वाचक हुन्छ, त्यससँग मेल राख्ने नाम नै वाच्य हो ।

"वाच्यको साधारण अर्थ कथन वा भनाइ हो, तापनि व्याकरणका सन्दर्भमा यसले वाक्यमा कर्ता, कर्म, भाव र क्रियामध्ये कुनै एकको वाच्यता अर्थात् प्रधानता हुने स्थितिलाई जनाउँछ।" (लुइटेल र लुइटेल, २०६९) । निष्कर्षस्वरूप के भन्न सकिन्छ भने वाक्यमा रहेको कर्ता, कर्म र भावको अवस्था वा काम बुझाउने क्रियाको स्वरूप नै वाच्य हो । वाक्यमा कर्ता प्रमुख भएको वाक्य कतृवाच्य, कर्म प्रमुख भएको वाक्य कर्म वाच्य र भाव प्रधान हुने वाक्यलाई चाहिँ भाववाच्य भनिन्छ । जस्तै :

भाइ किताब पढ्छ । (कतृवाच्य)

रामद्वारा गीत गाइन्छ । (कर्मवाच्य)

आफू त धरमपोखरा गइन्छ । (भाववाच्य)

(ज) कारक

नाम, सर्वनाम, विशेषणको क्रियासँगको सम्बन्धलाई कारक भनिन्छ । वाक्यमा विभिन्न पदहरू हुन्छन्, ती पदले वाक्यमा आफू अनुरूपका विभिन्न काम गरेका हुन्छन् । कर्ता, कर्म, करण आदि भूमिका निर्वाह गर्न आएका ती पदहरू क्रियाका कारक हुन् । "वाक्यलाई भाषाको सबैभन्दा महत्वपूर्ण एकाइ मानिन्छ । वाक्यमा पनि क्रियाको भूमिका सर्वोपरी हुन्छ । वाक्यमा कारकले शासन गर्छ तर त्यो कारक पनि क्रियाको अधिनमा रहन्छ । यसबाट के स्पष्ट हुन्छ भने कारक र क्रियाको आपसमा प्रत्यक्ष सम्बन्ध रहन्छ । क्रियासँग

प्रत्यक्ष सम्बन्ध राख्ने नाम तथा सर्वनामलाई कारक भनिन्छ"(शर्मा र अन्य, २०७३: ९३) । वाक्यात्मक सम्बन्ध स्पष्ट गर्न, अर्थ स्पष्ट पार्न, शब्दहरूबीच उचित सामञ्जस्य गरी स्पष्ट र सुसंगठितसमेत बनाउन कारकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तसर्थ वाक्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा क्रियासँग सोझो सम्बन्ध कायम गर्ने शब्दलाई कारक भनिन्छ । कारकलाई विभक्तिले सहयोग गर्ने गर्दछन् ।

क्रियासँग सोझै सम्बन्ध राख्ने नाम वा सर्वनामका रूपहरूलाई कारक भनिन्छ । त्यस्तै आफ्नो छुट्टै स्वतन्त्र अर्थ नहुने र विशेष चिह्नका माध्यमद्वारा वाक्यमा रहेका अन्य शब्दहरूसँग समेत सम्बन्ध राख्ने चिह्नलाई विभक्ति भनिन्छ । कारकले वाक्यात्मक अर्थलाई प्रकाश पार्नुका साथै पदसङ्गति मिलाउने काम गर्दछ । कारक सबै भाषामा हुन्छन् तापनि तिनको प्रकृति, प्रयोग र सङ्ख्यामा फरक पर्न सक्छ ।

कारकलाई विभिन्न भाषाविद्हरूले फरक-फरक ढँगले विभाजन गरेका छन् । जस्तै : (शर्मा र अन्य, २०७३ : ९४) का अनुसार : अर्थ वा भूमिकाका आधारमा नेपाली कारकहरू निम्नलिखित सातवटा छन् :

१. कर्ता कारक　　२. कर्म कारक　　३. करण कारक

४. सम्प्रदान कारक　　५. उपादान कारक　　६. सम्बन्ध कारक

७. अधिकरण कारक

त्यस्तै रूपतत्त्वका आधारमा कारक दुई प्रकारका हुन्छन् :

१. सरल कारक　　२. तिर्यक कारक

परम्परागत व्याकरणमा कारक ६ प्रकारका भएको पाइन्छ ।

१. कर्ता कारक　　२. कर्म कारक　　३. करण कारक

४. सम्प्रदान कारक　　५. अपदान कारक　　६. अधिकरण कारक

पराजुलीका अनुसार कारक विभक्ति निम्नलिखित आठ प्रकारका मानिन्छन् :

१. कर्ता कारक　　२. कर्म कारक　　३. करण कारक

४. सम्प्रदान कारक　　५. उपादान कारक　　६. सम्बन्ध कारक

७. अधिकरण कारक　　८. सम्बोधन कारक

यसरी जुन भाषाविद्हरूले कारकलाई जे-जसरी वर्गीकरण गरे तापनि ६ वटा कारकहरू र आठ विभक्ति नेपाली भाषामा रहेको कुरा सबैले स्वीकार गरेका छन् र चलनचल्तीमा पनि रही आएका देखिन्छन् । जुन निम्नलिखित छन् :

१. कर्ता कारक	२. कर्म कारक	३. करण कारक
४. सम्प्रदान कारक	५. उपादान कारक	६. अधिकरण कारक

त्यस्तै आठ विभक्तिहरूमा :

प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमी र सम्बोधन ।

(झ) आदर

समान्यतः सम्मान, इज्जत, सत्कार आदि प्रकट गर्ने वाक्यलाई आदर भनिन्छ । यो मुख्यगरी नाम, सर्वनाम र क्रियापदबाट अभिव्यक्त हुन्छ । कतिपय नाम आदरवाची नै हुन्छन् र कतिपय नामचाहिँ आदरसूचक प्रत्यय गाँसेर आदरवाची बनाइन्छ । "सम्मान वा सत्कार जनाउने व्याकरणात्मक कोटिलाई आदर भनिन्छ । आदर निम्न, मध्यम र उच्च गरी तीन किसिमका हुन्छन् । आदरका आधारमा कर्ता र क्रियापदमा परिवर्तन आउँछ । कतिपय अवस्थामा बहुवचनबोधक पदले पनि आदरको काम गरेको हुन्छ । जस्तैः राम्रो, राम्रा, गोरो, गोरा आदि ।" (सुवेदी र अन्य, २०७२: ६९) । आदरले पनि व्याकरणात्मक कोटि दर्शाउँछ । यो मानवीय प्रसङ्मा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ । आदर मूलतः स्रोता (द्वितीय पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुष) मा व्यक्त हुन्छ । यसका लागि स्रोता सन्दर्भमा आदरार्थी सर्वनामको र अन्य सन्दर्भमा चाहिँ सर्वनामका साथै आदरसूचक नामको प्रयोग हुन सक्छ ।

२.३.५ वाक्यगठनगत त्रुटिका प्रवृत्तिहरू

वाक्यगठन एक तत्सम् शब्द हो । यसको निर्माण वाक्य र गठनजस्ता दुई शब्दहरू मिलेर भएको देखिन्छ । यसरी हेर्दा यसको सोझो अर्थ वाक्य निर्माण वा नयाँ वाक्य बनाउने भन्ने बुझिन्छ । "वाक्य बनाउने काम, वाक्यको निर्माण, वाक्यको ढाँचालाई नै वाक्यगठन भनिन्छ । साथै कर्ता, कर्म र क्रियाको क्रमिकता नेपाली वाक्यगठन वा वाक्यरचनाको मुख्य विशेषता हो" (लुइटेल र लुइटेल, २०६९: १०३) ।

वाक्यका पदहरूको क्रम र सङ्गतिमा देखापर्ने त्रुटिहरूलाई वाक्यगठनगत त्रुटिअन्तर्गत समावेश गर्ने गरिएको पाइन्छ । वाक्यमा कर्ता र क्रियाको क्रम उल्टोपाल्टो पार्नु, विशेषण र विशेष्यको सङ्गति नमिलाउनु, प्रेरक कर्ता र प्रेरणार्थी क्रियाको सङ्गति नमिलाउनु, कर्ता, कर्म, क्रिया र कर्ता, कर्म, पूरक, क्रियाको क्रम नमिलाउनु, कर्मवाच्यमा कर्मको लिङ्ग, वचन, पुरुषअनुसार क्रियापदको प्रयोग नगर्नु, लेखन चिह्नलाई नियम र आवश्यकताअनुसार सही ठाउँमा त्यस्ता चिह्न प्रयोगमा नल्याउनुजस्ता समस्याहरूलाई वाक्यगठनगत त्रुटिभित्र समावेश गर्ने गरेको पाइन्छ ।

नेपाली वाक्यगठनका सन्दर्भमा केन्द्रित हुँदा नेपाली भाषालाई मातृभाषाकै रूपमा वा पहिलो भाषाकै रूपमा प्रयोग गर्ने प्रयोक्ताले पनि विभिन्न पक्षमा त्रुटि गर्ने गरेको पाइन्छ । त्यसमा झन् मातृभाषा नेपाली नहुने वा नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्ने, वक्ताले वाक्यगठनका व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक आदिमा त्रुटि गर्ने गरेको भेटाइन्छ र यसो गर्नु सामान्य मानिन्छ । थारूमातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनका व्याकरणिक कोटिहरूमा त्रुटि गर्ने गरेको पाइन्छ । यसो हुनुको मुख्य कारण नेपाली बहुभाषिक मुलुक हुन पनि प्रमुख कारक तत्त्व मानिन्छ । यस्तो अवस्थामा सचेतता अपनाउँदा अपनाउँदै पनि त्रुटिहरू गर्ने गरेको पाइन्छ । यसरी भाषा प्रयोगका सन्दर्भमा विभिन्न जटिलता देखिनु तथा वाक्यगठन प्रक्रियामा अवरोध सिर्जना हुनुले नेपाली भाषालाई स्तरीय रूपमा अगाडि बढ्न कठिनाइ पर्ने हुनाले मातृभाषा नेपाली नहुनेहरूलाई मात्र नभई नेपाली भाषालाई मातृ भाषाकै रूपमा प्रयोग गर्नेहरूका लागि समेत सचेत तथा व्यवस्थित रूपमा वाक्यगठनमा ध्यान दिनु आवश्यक देखिन्छ ।

वाक्यगठनका त्रुटिहरू

१. राजन आयो । = आयो राजन ।

२. त्यो केटी राम्री छ । = त्यो केटी राम्रो छ ।

३. म भाइलाई पढाउँछु । = म भाइलाई पढाउँछ ।

४. राम चिठी लेख्छ । = राम लेख्छ चिठी ।

५. सबै किताबहरू आएका छैनन् के पढ्ने ? = सबै किताब आएका छैन के पढ्ने ?

६. फूल फुलेका छन् । = फूलहरू फुलेका छन् ।

७. हामी पनि आफ्नो कक्षामा राम्रो पढाई गर्छौं । = हामी पनि आफ्नो कक्षामा राम्रो पढाई गर्छु ।

८. तिनीहरू साना छन् ।   =   तिनीहरू सानो छ ।

९. त्यो आयो =   त्योहरू आए ।

१०. उसका भाइहरू स्कुलमा पढ्दैनन् । = उसको भाइहरू स्कुलमा पढ्दैन ।

११. शिक्षक विद्यालय जानुहुन्छ । = शिक्षक विद्यालय जान्छ ।

१२. विद्यार्थीहरू विद्यालय आउँछन् । = विद्यार्थीहरू विद्यालय आउँछ/आउनुहुन्छ ।

१३. बाखो चउरमा चर्छ । = बाखो चउरमा चर्छन् ।

१४. रामले लट्ठीले सर्प माऱ्यो । = रामलाई लट्ठीले सर्प माऱ्यो ।

१५. शिक्षक पढाउने काम गर्नुहुन्छ । = शिक्षक पढाउने काम गर्छन् ।

१६. मानिसहरू दशैंमा रमाइलो गर्न जाँड, रक्सी खाने गर्छन् ।

= मानिसहरू दशैं रमाइलो गर्न जाँड, रक्सी खाने गर्छन् ।

१७. हाम्रो विद्यालयमा चौधजना शिक्षक छन् । = हाम्रो विद्यालय चौधजना शिक्षक छ ।

१८. हाम्रो कक्षामा ४० जना विद्यार्थी छौ, हामी कक्षा ६ मा पढ्छौं ।

= हामी ४० जना विद्यार्थीहरू छ, हामी कक्षा ६ मा पढ्छ ।

निष्कर्ष

यसरी विभिन्न भाषाविद्हरूद्वारा व्यक्त गरिएका परिभाषाबाट के कुरा प्रमाणित हुन्छ भने व्याकरणात्मक कोटि भाषाको जीवन्त पक्ष हो । यसले पद-पबीचको सम्बन्ध देखाउँदै व्याकरणात्मक कार्यको र पदसङ्गतिको बोध गराउँछ । वक्ता र स्रोताको मूल अभिप्रायलाई छर्लङ्ग पारी निश्चित अर्थ समेत दिने भएकाले वाक्यगठन भाषा व्याकरणको अति महत्त्वपूर्ण तथा अभिन्न अङ्ग मानिन्छ । नेपाली भाषाको वाक्यगठन प्रक्रियामा माथि उल्लेखित व्याकरिणक कोटिहरूको समावेश रहेको देखिन्छ । यसबाहेक अन्य केही कोटिहरू पनि थपिन सक्ने देखिन्छ । विशेषगरी माथि उल्लेखित कोटिहरूमा नै सीमित रहेर वाक्यगठन प्रक्रिया/वाक्य निर्माण भएको देखिन्छ । यस शोधकार्यमा अकरण प्रक्रिया, पदसङ्गति आदि जस्ता वाक्यगठनका कोटिहरू/पक्षहरू/तत्त्वहरूलाई समावेश गरिएको छैन । किनभने यसमा विशेषगरी कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण गरिएको छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा उल्लेखित वाक्यगठनका सबै पक्षहरूको ज्ञान नभएका कारण अकरण प्रक्रिया, पदसङ्गतिलाई यस शोधकार्यमा समावेश गरिएको छैन ।

थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा थुप्रै त्रुटि गर्ने गरेको पाइयो । ती त्रुटि आफ्नो मातृभाषाको ध्वनि र भाषिक संरचनाको प्रत्यक्ष प्रभावले गर्दा भएको देखियो । नेपाली भाषाको आफ्नै स्वरूप भए जस्तै थारू भाषाको पनि आफ्नै स्वरूप पाइन्छ । त्यस्तै थारूभाषी विद्यार्थीहरूले वाक्यगठनका तत्त्व लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, कारक, आदर जस्ता पक्षमा त्रुटि गर्ने गरेको पाइयो । थारू भाषाको पनि आफ्नै व्याकरणिक स्वरूप भएकाले गर्दा यस्ता त्रुटिहरू हुने गर्दछन् । जस्तै : आदर दुई प्रकारको हुनु, पुरुष दुई प्रकारको हुनु, थारूभाषी विद्यार्थीहरूले 'त' लाई 'ट', 'थ' लाई 'ठ' र 'द' लाई 'ड' मा उच्चारण र लेख्य दुबै रूपमा प्रयोग गर्ने गरेको पाइयो । त्यस्तै थारूभाषी विद्यार्थीहरूले मातृभाषालाई लक्ष्य भाषामा सिधै परिवर्तन गरी बोल्दा विभिन्न त्रुटिहरू गर्ने गरेको पाइयो । जसका कारण भाषामा अनुशासन, शिष्टता, शोभनीयता देखिएन ।

२.४ अवधारणात्मक खाका

प्रस्तुत अनुसन्धानमा कक्षा सातमा अध्ययरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण रहेकोले उक्त शोधको अवधारणात्मक खाका निम्नानुसार प्रस्तुत गरिएको छ :



अध्याय : तीन

अध्ययनको विधि र प्रक्रिया

३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानमा कक्षा सातमा अध्ययरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विश्लेषण रहेकोले उक्त शोध शाब्दिक तथा सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्क लिएर गरिएको हुँदा परिमाणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ ।

३.२ जनसङ्ख्या तथा नुमना छनोट

यस अध्ययनको नमुना जनसङ्ख्याको रुपमा कक्षा सातमा पढ्ने लाटिकोइली स्रोतकेन्द्रअन्तर्गतका श्री जनसेवा मा.वि. घुस्रा, श्री नासा एकेडेमी, काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका जम्मा १३५ जना विद्यार्थी मध्ये कक्षा सातमा अध्ययनरत १०/१० जना गरी जम्मा ३० जना थारूभाषी विद्यार्थीहरूलाई यादृच्छिक नमुना छनोट विधिका आधारमा चयन गरिएको छ ।

३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अनुसन्धान कक्षा सातमा अध्ययरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूका अध्ययन विधि मूलतः सङ्ख्यात्मक तथा अशंतः गुणात्मक प्रकृतिका तथ्याङ्क सङ्कलन गरी यस शोधमा उपयोग गरिएको हुँदा तथ्याङ्कको प्रकृति गुणात्मक र सङ्ख्यात्मक दुबै प्रकृतिका रहेको छ ।

यस शोधकार्यमा तथ्याङ्कको प्रकृति र तथ्याङ्क सङ्कलनका लागि निम्न स्रोत उल्लेख गरिएको छ :

(क) प्राथमिक स्रोत

यस अध्ययनको प्राथमिक स्रोतका रूपमा कक्षा सातको नेपाली विषयको पाठ्यपुस्तक, स्थलगत अध्ययन विधि अपनाइएको छ र यसको अध्ययनका लागि पश्चत् निर्धारित कोटिपद्धति विधि प्रयोग गरिएको छ । प्रश्नावली निर्माण गरी थारूभाषी विद्यार्थीहरूले

वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउन परीक्षा सञ्चालन गरी परीक्षण गरिनेछ र प्राप्त उत्तरलाई अध्ययनको मूल सामग्रीको रूपमा लिइएको छ ।

(ख) **द्वितीय स्रोत**

यस अध्ययनका लागि द्वितीय स्रोतका रूपमा विविध प्रकाशित तथा अप्रकाशित शोधपत्रहरू, प्रकाशित लेख तथा पुस्तकहरू रहेका छन् ।

३.४ साम्रगी निर्माण र मानकीकारण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको भाषिक त्रुटिको पहिचान गरी तथ्याङ्क सङ्कलन गर्नका लागि सामग्री सङ्कलनका लागि परिक्षा सञ्चालन गर्न, प्रश्नपत्र निर्माण गरिएको छ । उक्त प्रश्नपत्रलाई शोध निर्देशक, विषय विशेषज्ञ, वुद्धिजीवी मानकीकरणका निम्ति सुझाब अनुरुप गरिएको छ ।

३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययनको क्रममा तथ्याङ्कको सङ्कलनका गर्नका लागि विधिहरू मध्ये क्षेत्रीय अध्ययनको उपयोग गरिएको छ । यसका शोधकर्ता आफै सम्बन्धित विद्यालयमा गएर तथ्याङ्क सङ्कलन गर्नेभएकाले क्षेत्रीय अध्ययन विधि रहेको छ ।

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

माथिका विभिन्न आधारमा तथ्याङ्क सङ्कलन गरिसके पछि शाब्दिक प्रकृतिका तथ्याङ्कहरूको तार्किक विश्लेषण गरिएको छ । यस शोधकार्यको अध्ययन विश्लेषणका लागि तालिकीकरण गरी वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अनुसन्धान प्रतिवेनको ढाँचा निम्न रहेको छ :

(क) **पूर्वभाग**

यस अनुसन्धान प्रतिवेदनको पूर्व भाग नै प्रारम्भिक खण्ड हो । यस खण्डमा मुखपृष्ठ, प्रतिवद्धता पत्र सिफारिस पत्र, स्वीकृत पत्र, कृतज्ञाता ज्ञापन, शोधसार विषय सूची तालिका

सूची, चिन्ह प्रयोग र शब्द सङ्क्षेपीकरण रहेको छ ।

(ख) **मूलभाग**

यो खण्ड अनुसन्धान प्रतिवेदन ढाँचाको मध्य वा बिच भाग हो । यस खण्डमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण रहेको छ । यस अन्तर्गत अध्याय र शीर्षकहरू, अनुच्छेद विन्यास, उद्धधरण, तालिका पाठ, टिप्पणी, व्याख्या विश्लेषण, निष्कर्ष खण्ड र सन्दर्भग्रन्थ सुची रहेको छ ।

(ग) **उत्तर भाग**

यो अनुसन्धान प्रतिवेदनको अन्तिम खण्ड वा भाग हो यस खण्डको उत्तर भागमा परिशिष्ट र व्यक्तिगत विवरण राखिएको छ ।

अध्याय : चार
तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि

प्रस्तुत अध्ययनमा कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने भाषिक त्रुटिहरूको अध्ययनमा केन्द्रित गरिएको छ । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका भित्रका श्री जनसेवा मा.वि. घुम्रा, काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुल, घुम्रा र नासा एकेडेमी पर्सेनीमा कक्षा सातमा अध्ययरत विद्यार्थीले वाक्य गठनका क्रममा लिङ्गगत, वचनगत, वाच्यगत, पुरुषगत, पदसङ्गतिगत, आदरगत, भावगत, पक्षगगत कालगत र वाक्यगत रुपमा हुने त्रुटिलाई निम्नानुसार उपशीर्षकमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

४.१.१ लिङ्गगत आधारमा त्रुटि

प्रस्तुत अध्ययनमा श्री जनसेवा माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न लिङ्गगत त्रुटि अन्तर्गत स्त्रीलिङ्ग जनाउने वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १

लिङ्गगत आधारमा जनसेवा मा.वि.का विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	भाइ खेल्दै छ ।	बहिनी खेल्दै छे ।
२	रामले पढ्न सिक्यो ।	सीताले पढ्न सिकी ।
३	श्यामले गीत गाए ।	गीताले गीत गाइन् ।
४	मामाले काम गर्दै छन् ।	माइजूले काम गर्दै हुनुहुन्छ ।

माथिको तालिका अनुसार थारूभाषी विद्यार्थीहरूले लिङ्गगत आधारमा गर्ने त्रुटिमा स्त्रीलिङ्गमा गरेको त्रुटिलाई देखाइएको छ । थारूभाषी विद्यार्थीले स्तरीय नेपाली भाषा

सिक्दा वाक्यमा खेल्दै छे, पढ्न सिकी, गीत गाइन् र गर्दै हुनुहुन्छ स्त्रीलिङ्गलाई पुलिङ्गमा त्रुटि गरी खेल्दै छ, पढ्न सिक्यो, गीत गाए र गर्दै छन् लेखि त्रुटि गरेका छन् । थारूभाषी विद्यार्थीहरूमा स्तरीय नेपाली सिक्दा वाक्यगठनका क्रममा वाक्यमा स्त्रीलिङ्गका वाक्यहरूलाई ध्यान दिइएको देखिदैन । थारूभाषी विद्यार्थीहरूमा लिङ्गगत आधारमा वाक्यगत त्रुटि धेरै भएको देखिन्छ ।

तालिका नं.२

जनसेवा मा.वि. घुस्राका विद्यार्थीहरूले गरेको लिङ्गगत त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	२	४०	६०
२	मेनुका चौधरी	५	३	६०	४०
३	प्रदिप चौधरी	५	४.५	९०	१०
४	जेनी चौधरी	५	३.५	७०	३०
५	सुरज चौधरी	५	१	१०	९०
६	श्रृष्टि चौधरी	५	३.५	७०	३०
७	अनुसा चौधरी	५	४.५	९०	१०
८	सन्ध्या चौधरी	५	३	६०	४०
९	आशिका चौधरी	५	५	१००	०
१०	मनिषा चौधरी	५	४.५	९०	१०

माथिको तालिका अनुसार जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका लिङ्गगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी २ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना रहेका छन् ।

जनसेवा मा.वि. घुस्राका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ६० प्रतिशत देखि

८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा लिङ्गगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेका छन् ।

तालिका नं. ३

लिङ्गगत आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१.	केटा बजार जान्छे ।	केटी बजार जान्छे ।

माथिको तालिका अनुसार श्री नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्य गठनमा गर्ने त्रुटिहरूमा केटी बजार जान्छे वाक्यलाई पुलिङ्गमा केटा बजार जान्छे लेखी त्रुटि गरिएको छ । वाक्यगठन त्रुटिमा नासा एकेडमीका विद्यार्थीहरूले लिङ्गगत आधारमा त्रुटि निम्न मात्रामा गरेका छन् ।

तालिका नं.४

नासा एकेडेमीका विद्यार्थीहरूले गरेको लिङ्गगत त्रुटिको प्राप्ताङ्क

क. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	५	१००	०
२	हिमा चौधरी	५	४	८०	२०
३	करिस्मा चौधरी	५	४.५	९०	१०
४	नितु चौधरी	५	५	१००	०
५	प्रकृति चौधरी	५	३	६०	४०
६	अञ्जली चौधरी	५	५	१००	०
७	स्नेहा चौधरी	५	५	१००	०
८	लक्ष्मण चौधरी	५	४.५	९०	१०
९	दिपिका चौधरी	५	५	१००	०
१०	गरिमा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका लिङ्गगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ८ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी ५ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी पनि रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा लिङ्गगत आधारमा सबैभन्दा बढी १० प्रतिशतभन्दा कम त्रुटि गर्ने विद्यार्थी धेरै रहेका छन् ।

तालिका नं. ५

लिङ्गगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	केटीले पाठ पढे ।	केटिले पाठ पढी ।

माथि उल्लेखित तालिका अनुसार श्री लिङ्गगत आधारमा काँक्रेविहार सेकेन्डरी बोर्डिङस्कुलका विद्यार्थीहरूले गरेको वाक्यगठन त्रुटिमा केटिले पाठ पढी वाक्यलाई त्रुटि गरी केटीले पाठ पढे लेखि त्रुटि गरिएको छ । भाषिक आधारमा लिङ्गलाई परिवर्तन गरी क्रियापदमा पढी हुनुपर्नेमा पढे लेखिएको छ । यसर्थ वाक्यगठन आधारमा त्रुटि भई अर्थगत भिन्नता रहेको छ ।

तालिका नं. ६

काँक्रेविहार सेकेन्डरीका विद्यार्थीहरूले गरेको लिङ्गगत त्रुटिको प्राप्ताङ्क

क. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	५	१००	०
२	समिक्षा चौधरी	५	३	६०	४०
३	प्रिन्स चौधरी	५	५	१००	०
४	सुहाना चौधरी	५	३	६०	४०

५	जानकी चौधरी	५	४.५	९०	१०
६	विपिन चौधरी	५	३	६०	४०
७	निशा चौधरी	५	५	१००	०
८	रिता चौधरी	५	५	१००	०
९	स्वस्तिका चौधरी	५	३	६०	४०
१०	पवित्रा चौधरी	५	४.५	९०	१०

माथिको तालिका अनुसार थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका लिङ्गगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ४ जना विद्यार्थी र ८० प्रतिशतसम्म भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ६ जना रहेका छन् ।

त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने ४ जना विद्यार्थी रहेका छन् । ११ देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ३० प्रतिशत देखि ६० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी पनि रहेका छैनन् । यसरी हेर्दा वाक्यगठनमा थारूभाषी विद्यार्थीहरूले लिङ्गगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गरेका छन् ।

चित्र नं.१
समग्र लिङ्गगत त्रुटि



४.१.२ वचनगत आधारमा गरिने भाषिक त्रुटि

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत वचनगत आधारमा बहुवचन जनाउने वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७

जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको वचनगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	केटाहरू फुटबल खेल्छ ।	केटाहरू फुटबल खेल्छन् ।
२.	केटाहरू फुटबल खेल्छौ ।	केटाहरू फुटबल खेल्छन् ।
३	केटोहरू घर आयो ।	केटाहरू घर आए ।

माथिको तालिका अनुसार थारूभाषी विद्यार्थीहरूले वचनगत आधारमा गरेका त्रुटिका वाक्यहरूमा बहुवचन कर्ताहरूका लागि १ र २ मा खेल्छन् प्रयोग गर्नुपर्नेमा क्रमशः खेल्छ र खेल्छौँ प्रयोग गरेकाले र ३ मा आए प्रयोग गर्नुपरेमा आयो प्रयोग गरेकाले वाक्य त्रुटिपूर्ण देखिएका छन् ।

तालिका नं. ८

जनसेवा मा.वि. घुस्राका विद्यार्थीले गरेको वचनगत त्रुटिको प्राप्ताङ्क

क. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	४	८०	२०
२	मेनुका चौधरी	५	२	४०	६०
३	प्रदिप चौधरी	५	१	२०	८०
४	जेनी चौधरी	५	४.५	९०	१०
५	सुरज चौधरी	५	०	०	१००
६	श्रृष्टि चौधरी	५	४	८०	२०
७	अनुसा चौधरी	५	३	६०	४०
८	सन्ध्या चौधरी	५	४	८०	२०
९	आशिका चौधरी	५	४	८०	२०
१०	मनिषा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार जनसेवा मा.वि. घुस्राका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वचनका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी २ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी १ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ७ जना रहेका छन् ।

जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ६ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी १ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वचनका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वचनगत त्रुटि कमजोर रहेको छ ।

तालिका नं. ९

वचनगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	बहिनीहरू गीत गए ।	बहिनीहरूले गीत गाए ।
२	हामीहरू विद्यालय जान्छन् ।	हामीहरू विद्यालय जान्छौं ।
३	नेपाली कविता कापिमा लेख्छौं ।	नेपाली कविताहरू कापिमा लेख्छौं ।
४	हामीहरूद्वारा पढ्न सकेका छै ।	हामीहरू पढ्न सकेका छौं ।
५	हामी एक दमै राम्रो नाच छम् ।	हामीहरू एकदमै राम्रो नाच्छौं ।
६	तिनीहरू हाम्रो नाच देखेर दाहा गर्छन ।	तिनीहरू हाम्रो नाँच देखेर डाहा गर्छन ।
७	चराहरू रुखमा बसेको छन् ।	चराहरू रुखमा बसेका छन् ।
८	भाइहरू खाना खाए ।	भाइहरूले खाना खाए ।
९	उनीहरूले खाना खायो ।	उनीहरूले खाना खाए ।

माथिको तालिका अनुसार वचनगत आधारमा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गरेका वाक्यगत त्रुटिमा बहिनीहरूले गीत गाए वाक्यलाई त्रुटि गरी बहिनीहरूले गीत गए लेखिएको छ । जसमा थारू भाषी

विद्यार्थीहरूले गीत गाए लेख्नुपर्नेमा गीत गए लेखि कर्ता अनुसार क्रियापद मिलाइएको देखिदैन । त्यसैगरी हामीहरू विद्यालय जान्छौँ वाक्यलाई त्रुटि गरी हामीहरू विद्यालय जान्छन् लेखि वाक्यमा त्रुटि गरिएको छ । वाक्य वचनगत आधारमा कर्ता र क्रियापदमा वाक्य मिलेको देखिदैन । विद्यार्थीहरूले नेपाली कविताहरू कापिमा लेख्छौँ वाक्यलाई त्रुटि गरी नेपाली कविता कापिमा लेख्छौँ, हामीहरू पढ्न सकेका छौँ वाक्यलाई त्रुटि गरी हामीहरूद्वारा पढ्न सकेका छै, हामीहरू एकदमै राम्रो नाच्छौँ वाक्यलाई त्रुटि गरी हामी एक दमै राम्रो नाच छम्, तिनीहरू हाम्रो नाँच देखेर डाहा गर्छन वाक्यलाई त्रुटि गरी तिनीहरू हाम्रो नाच देखेर दाहा गर्छन, चराहरू रुखमा बसेका छन् वाक्यलाई त्रुटि गरी चराहरू रुखमा बसेको छन् लेखिएको छ भने भाइहरूले खाना खाए वाक्यलाई त्रुटि गरी भाइहरू खाना खाए र उनीहरूले खाना खाए वाक्यमा त्रुटि गरी उनीहरूले खाना खायो लेखि त्रुटि गरेका छन् । यसरी माथि उल्लेखित वाक्यहरूमा बचनगत आधारमा भिन्दा भिन्दै त्रुटि गरिएको छ । जसमा बहुवचनका आधारमा कर्ता, कर्म र क्रिया अनुसार वाक्यहरू नमिलेकाले त्रुटिपूर्ण रहेका छन् ।

तालिका नं. १०

काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वचनगत त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	४.५	९०	१०
२	समिक्षा चौधरी	५	३.५	७०	३०
३	प्रिन्स चौधरी	५	४.५	९०	१०
४	सुहाना चौधरी	५	३	६०	४०
५	जानकी चौधरी	५	४	८०	२०
६	विपिन चौधरी	५	१	२०	८०
७	निशा चौधरी	५	२	४०	६०
८	रिता चौधरी	५	४.५	९०	१०
९	स्वस्तिका चौधरी	५	१	२०	८०
१०	पवित्रा चौधरी	५	४.५	९०	१०

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वचनका आधारमा

गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी ३ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ५जना रहेका छन् ।

काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ५ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वचनका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाच्यगत त्रुटि राम्रो रहेको छ ।

तालिका नं. ११

वचनका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	उनीहरू दिनभर खेल्छ ।	उनीहरू दिनभर खेल्छन् ।
२	साथीहरू आँप खाँदै छ ।	साथीहरू आँप खाँदै छन् ।
३	विद्यार्थीहरू किताब पढ्दै छ ।	विद्यार्थीहरू किताब पढ्दै छन् ।
४	चरा उडे ।	चराहरू उडे ।

माथिको तालिका अनुसार वचनगत आधारमा नासा एकेडेमीका विद्यार्थीहरूले गरेको वाक्यगत त्रुटिमा उनीहरू दिनभर खेल्छन् वाक्यलाई त्रुटि गरी उनीहरू दिनभर खेल्छ, साथीहरू आँप खाँदै छन् वाक्यमा त्रुटि गरी साथीहरू आँप खाँदै छ र विद्यार्थीहरू किताब पढ्दै छन् वाक्यलाई त्रुटि गरी विद्यार्थी किताब पढ्दै छन् र चराहरू उडे वाक्यलाई त्रुटि गरी चरा उडे लेखिएको छ । थारूभाषी विद्यार्थीहरूले बचनगत आधारमा खेल्छ-खेल्छन्, खाँदै छ-खाँदैछ, पढ्दै छ - पढ्दै छन् जस्ता क्रियापदहरूमा एकवचनका क्रियापद राखि वाक्यमा त्रुटि गरिएको छ ।

तालिका नं. १२

वचनगत आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	४.५	९०	१०
२	हिमा चौधरी	५	५	१००	०
३	करिस्मा चौधरी	५	४.५	९०	१०
४	नितु चौधरी	५	४.५	९०	१०
५	प्रकृति चौधरी	५	३	६०	४०
६	अञ्जली चौधरी	५	५	१००	०
७	स्नेहा चौधरी	५	४	८०	२०
८	लक्ष्मण चौधरी	५	४.५	९०	१०
९	दिपिका चौधरी	५	४.५	९०	१०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वचनका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी १ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ९ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने २ विद्यार्थी रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ७ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी १ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वचनका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाच्यगत त्रुटि राम्रो रहेको छ ।

चित्र नं.२

समग्र वचनगत त्रुटि



४.१.३ वाच्यका आधारमा विश्लेषण

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत वाच्यगत आधारमा वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १३

जनसेवा मा.वि.घुस्राका विद्यार्थीले वाच्यका आधारमा गरेको त्रुटि

क्र.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	हरि द्वारा कविता लेख्यो ।	हरिद्वारा कविता लेखियो ।
२	विद्यार्थीलाई पिट्नेछन् ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
३	हरिले कविता पढ्छ ।	हरिद्वारा कविता पढियो ।
४	शिक्षकले विद्यार्थीलाई माया गर्दछन् ।	
५	भाइ द्वारा कविता लेख्यो ।	भाइद्वारा कविता लेखियो ।
६	हरिले कविता लेख्यो ।	हरिद्वारा कविता लेखियो ।
७	शिक्षकहरू विद्यार्थीलाई पिट्नेछन् ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
८	हरिले कविता लेख्छन् ।	हरिद्वारा कविता लेखियो ।

माथि उल्लेखित तालिका अनुसार वाच्यगत आधारमा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्य गठनमा गरेको त्रुटिमा हरिद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी हरि द्वारा कविता लेख्यो लेखी त्रुटि गरिएको छ । जसमा कर्मवाच्यमा लेखिनुपर्नेमा क्रियापद नमिलाई त्रुटि गरेको पाइन्छ भने विभक्तिलाई अलग राखिएको छ । त्यसैगरी शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् वाक्यमा थारू भाषी विद्यार्थीले त्रुटि गरी विद्यार्थीलाई पिट्नेछन् लेखिएको छ । उक्त वाक्यमा वाच्यगत आधारमा नभई वाच्यको क्रियापद अनुसारको कर्ता उल्लेख गरिएको छैन । हरिद्वारा कविता पढियो वाक्यलाई त्रुटि गरी हरिले कविता पढ्छ लेखिएको छ । जसमा कालगत आधारमा वाच्य परिवर्तन नगरी त्रुटि गरिएको छ । शिक्षकले विद्यार्थीलाई माया गर्दछन् वाक्यलाई नै त्रुटिपूर्ण लेखिएको छ । जसको वाक्यमा रुपान्तरण नै उल्टो गरिएको छ । भाइद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी भाइ द्वारा कविता लेख्यो उल्लेख गरिएकाले वाक्यमा कर्ता अनुसार क्रियापद नमिलाई विभक्ति नजोडिएकाले त्रुटि गरिएको छ । हरिद्वारा कविता लेखियो वाक्यमा त्रुटि गरी हरि द्वारा कविता लेख्यो लेखिनुले वाच्यमा क्रियापद मिलेको देखिदैन । शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् वाक्यलाई त्रुटि गरी शिक्षकहरू विद्यार्थीलाई पिट्नेछन् लेखि त्रुटि गरिएको छ । हरिद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी हरिले कविता लेख्छन् लेखिएको छ । जसमा कालका आधारमा वाच्य मिलाइएको छैन ।

समग्रमा हेर्दा वाच्यका आधारमा उक्त विद्यालयका विद्यार्थीहरूले वाच्यगत आधारमा वाक्य मा त्रुटि पर्याप्त गरेका छन् । वाक्यमा वाच्यको कर्ताका आधारमा क्रियापद मिलाइएको छैन भने कालगत आधारमा वाच्यको क्रियापदमा भिन्नता लेखी त्रुटि गरिएको छ ।

तालिका नं. १४

जनसेवा मा.वि. घुस्राका विद्यार्थीले वाच्यका आधारमा गरेको त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	२.५	५०	५०
२	मेनुका चौधरी	५	०	०	१००
३	प्रदिप चौधरी	५	२	४०	६०
४	जेनी चौधरी	५	०	०	१००
५	सुरज चौधरी	५	२	४०	६०

६	श्रृष्टि चौधरी	५	४	८०	२०
७	अनुसा चौधरी	५	३	६०	४०
८	सन्ध्या चौधरी	५	१	२०	८०
९	आशिका चौधरी	५	४	८०	२०
१०	मनिषा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार जनसेवा मा.वि. घुस्राका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वाच्यगत आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी ३ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना रहेका छन् ।

जनसेवा मा.वि.घुस्राका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी ३ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि. घुस्राका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वाच्यका आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी बराबर रहेकाले उक्त विद्यालयको वाच्यगत त्रुटि समान रहेको छ ।

तालिका नं. १५

वाच्यका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	हरिले कविता लेख्छ ।	हरिद्वारा कविता लेखियो ।
२	शिक्षकले विद्यार्थीले पिट्नु भएछ ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
३	विद्यार्थीद्वारा विद्यार्थी पिटियो ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
४	हरिले कविता लेख्यो ।	हरिद्वारा कविता लेखियो ।
५	शिक्षक द्वारा विद्यार्थी पिटिये ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।

६	शिक्षक द्वारा कविता पढियो ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
७	शिक्षक द्वारा विद्यार्थी पिटियो ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
८	शिक्षकले द्वारा विद्यार्थी पिटिए ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।
९	हरिद्वारा कविता लेखिन्छ ।	हरिद्वारा कविता लेखियो ।
१०.	शिक्षकद्वारा विद्यार्थी पिटियो ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।

माथिको तालिका अनुसार वाच्यका आधारमा थारूभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा वाच्यमा गरेका त्रुटिमा हरिद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी हरिले कविता लेख्छ, शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् वाक्यमा त्रुटि गरी शिक्षकले विद्यार्थीले पिट्नु भएछ, विद्यार्थीद्वारा विद्यार्थी पिटियो, शिक्षकद्वारा विद्यार्थी पिटियो, शिक्षक द्वारा कविता पढियो, शिक्षकले द्वारा विद्यार्थी पिटिए लेखी त्रुटि गरेका छन् । त्यसैगरी हरिद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी हरिद्वारा कविता लेखिन्छ लेखी त्रुटि गरिएको छ । माथि उल्लेखित वाक्यमा वाच्यगत आधारमा थारूभाषी विद्यार्थीहरूले कर्तृवाच्य, भाववाच्य अनुसार वाक्य परिवर्तन नगरिएकाले कर्ता अनुसार क्रियामा त्रुटि गरेका छन् ।

तालिका नं. १६

वाच्यका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	४	८०	२०
२	समिक्षा चौधरी	५	३	६०	४०
३	प्रिन्स चौधरी	५	३	६०	४०
४	सुहाना चौधरी	५	३	६०	४०
५	जानकी चौधरी	५	३	६०	४०
६	विपिन चौधरी	५	४	८०	२०
७	निशा चौधरी	५	३	६०	४०
८	रिता चौधरी	५	३	६०	४०
९	स्वस्तिका चौधरी	५	३	६०	४०
१०	पवित्रा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वाच्यगत आधारमा गरेका त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ८ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना रहेका छन् ।

काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ८ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वाच्यका आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाच्यगत त्रुटि कमजोर रहेको छ ।

तालिका नं. १७

वाच्यका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	हरिले कविता लेख्यो ।	हरिद्वारा कविता लेखियो ।
२	विद्यार्थीलाई पिट्नेछन् ।	शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् ।

माथि उल्लेखित तालिका अनुसार वाच्यका आधारमा नासा एकेडेमीका विद्यार्थीहरूले गरेको वाक्यगत त्रुटिमा हरिलेद्वारा कविता लेखियो वाक्यलाई त्रुटि गरी हरिले कविता लेख्यो र शिक्षकद्वारा विद्यार्थी पिटिनेछन् वाक्यलाई त्रुटि गरी विद्यार्थीलाई पिट्नेछन् लेखि त्रुटि गरिएको । जसमा कर्तामा त्रुटि गरिएको छ भने पहिलो वाक्यमा हुबहु लेखेको र वाच्यमा रुपान्तरण नगरी त्रुटि गरेका छन् ।

तालिका नं. १८

वाच्यका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	४	८०	२०
२	हिमा चौधरी	५	४	८०	२०
३	करिस्मा चौधरी	५	४	८०	२०
४	नितु चौधरी	५	४	८०	२०
५	प्रकृति चौधरी	५	३	६०	४०
६	अञ्जली चौधरी	५	४.५	९०	१०
७	स्नेहा चौधरी	५	३	६०	४०
८	लक्ष्मण चौधरी	५	५	१००	०
९	दिपिका चौधरी	५	३	६०	४०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमी कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका वाच्यगत आधारमा गरेका त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ७ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ६ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा वाच्यका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाच्यगत त्रुटि कमजोर रहेको छ ।

चित्र नं.३

समग्र वाच्यगत त्रुटि



४.१.४ पुरुषगत आधारमा विश्लेषण

प्रस्तुत अध्ययनमा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत तृतीय पुरुष जनाउने वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १९

पुरुषका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	उ बजार जानुहुन्छ।	उहाँ बजार जानुहुन्छ।
२	तिमी बजार जान्छन्।	तिनी बजार जान्छन्।

माथिको तालिका अनुसार जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गर्ने वाक्यमा पुरुषका आधार गरेका त्रुटिमा उहाँ बजार जानुहुन्छ वाक्यलाई त्रुटि गरी उ बजार जानुहुन्छ लेखिएको छ भने दोस्रो वाक्यमा तिनी बजार जान्छन् वाक्यलाई त्रुटि गरी तिमी बजार जान्छन् लेखिएको छ। उक्त वाक्यहरूमा तृतीय पुरुषको कर्ता अनुसार क्रियामा भिन्नता देखाइएको छ र तृतीय पुरुषमा परिवर्तन गर्नुपर्नेमा द्वितीय पुरुषको वाक्य लेखी त्रुटि गरिएको छ।

तालिका नं. २०

पुरुषका आधारमा जनसेवा मा.वि.घुम्नाका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	३	६०	४०
२	मेनुका चौधरी	५	३	६०	४०
३	प्रदिप चौधरी	५	३	६०	४०
४	जेनी चौधरी	५	३.५	७०	३०
५	सुरज चौधरी	५	२	४०	६०
६	श्रृष्टि चौधरी	५	५	१००	०
७	अनुसा चौधरी	५	४.५	९०	१०
८	सन्ध्या चौधरी	५	४	८०	२०
९	आशिका चौधरी	५	४	८०	२०
१०	मनिषा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पुरुषका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी १ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना रहेका छन् ।

जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने १ जना विद्यार्थी रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ५ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पुरुषगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको पुरुषगत त्रुटि मध्यम रहेको छ ।

तालिका नं. २१

पुरुषगत आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	हामीहरू विद्यालय जान्छौँ ।	उनीहरू विद्यालय जान्छन् ।
२	हामी विद्यालय जान्छौँ ।	उनी विद्यालय जान्छन् ।
३	हामीहरू पोखरा जान्छौँ ।	उनीहरू पोखरा जान्छन् ।
४	म बजार जान्छु ।	ऊ बजार जान्छ ।
५	तँ बजार जान्छस् ।	ऊ बजार जान्छ ।
६	हामीहरू मन्दिर जान्छौँ ।	उनीहरू मन्दिर जान्छन् ।
७	तँ घर जान्छस् ।	त्यो घर जान्छ ।
८	तँ मामाघर जान्छ ।	उनी मामाघर जान्छन् ।
९	मेरी बहिनी पाठ पढ्छिन् ।	उनकी बहिनी पाठ् पढ्छिन् ।
१०	तिमीले मलाई माया गर्छौ ।	उनले मलाई माया गर्छन् ।
११.	हामीहरू विद्यालय जान्छौ ।	तिमीहरू विद्यालय जान्छौ ।
१२.	हामीहरू बजार जान्छौ ।	तिमीहरू बजार जान्छौ ।

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठन अन्तर्गत तृतीय पुरुषका वाक्य उनीहरू विद्यालय जान्छन् ।, उनी विद्यालय जान्छन् ।, उनीहरू पोखरा जान्छन् ।, ऊ बजार जान्छ ।, ऊ बजार जान्छ । उनीहरू मन्दिर जान्छन् ।, त्यो घर जान्छ ।, उनी मामाघर जान्छन् ।, उनकी बहिनी पाठ् पढ्छिन् ।, उनले मलाई माया गर्छन् ।, तिमीहरू विद्यालय जान्छौ ।, तिमीहरू बजार जान्छौ वाक्यलाई तृतीय पुरुषमा रुपान्तरण गर्नुपर्नेमा द्वितीय पुरुषमा हामीहरू विद्यालय जान्छौँ, हामी विद्यालय जान्छौँ, हामीहरू पोखरा जान्छौँ, म बजार जान्छु, तँ बजार जान्छस्, हामीहरू मन्दिर जान्छौँ, तँ घर जान्छस्, तँ मामाघर जान्छ, मेरी बहिनी पाठ पढ्छिन्, तिमीले मलाई माया गर्छौ, हामीहरू विद्यालय जान्छौ, हामीहरू बजार जान्छौ लेखी त्रुटि गरेका छन् । थारूभाषी विद्यार्थीहरूले वाक्य गठनमा पुरुषगत त्रुटिहरू पर्याप्त गरेको देखिन्छ ।

तालिका नं. २२

पुरुषका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	४	८०	२०
२	समिक्षा चौधरी	५	१	२०	८०
३	प्रिन्स चौधरी	५	४	८०	२०
४	सुहाना चौधरी	५	४	८०	२०
५	जानकी चौधरी	५	३	६०	४०
६	विपिन चौधरी	५	३	६०	४०
७	निशा चौधरी	५	१	२०	८०
८	रिता चौधरी	५	३	६०	४०
९	स्वस्तिका चौधरी	५	३	६०	४०
१०	पवित्रा चौधरी	५	५	१००	०

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पुरुषका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी २ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना रहेका छन् ।

काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पुरुषगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको पुरुषगत त्रुटि कमजोर रहेको छ ।

तालिका नं. २३

पुरुषका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	म खेल खेल्छु ।	ऊ खेल खेल्छ ।
२	तँ फुटबल मन पराउँछन् ।	ऊ फुटबल मन पराउँछ ।

माथि उल्लेखित तालिका अनुसार पुरुषगत आधारमा नासा एकेडेमीका विद्यार्थीहरूले वाक्यगत गरेका त्रुटिमा ऊ खेल खेल्छ वाक्यलाई प्रथम पुरुषको वाक्यमाा त्रुटि गरी म खेल खेल्छु र ऊ फुटबल मन पराउँछ वाक्यलाई त्रुटि गरी तँ फुटबल मन पराउँछन् लेखि त्रुटि गरिएको छ । जसमा तृतीय पुरुषका वाक्यलाई प्रथम पुरुष र द्वितीय पुरुषमा लेखेका छन् । अतः थारूभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा पुरुषगत वाक्यमा ख्याल नगरिएको देखिन्छ ।

तालिका नं. २४

पुरुषका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	५	१००	०
२	हिमा चौधरी	५	४.५	९०	१०
३	करिस्मा चौधरी	५	५	१००	०
४	नितु चौधरी	५	५	१००	०
५	प्रकृति चौधरी	५	४	८०	२०
६	अञ्जली चौधरी	५	५	१००	०
७	स्नेहा चौधरी	५	४	८०	२०
८	लक्ष्मण चौधरी	५	३	६०	४०
९	दिपिका चौधरी	५	३	६०	४०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पुरुषका आधारमा गरेका

त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ८ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी ४ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पुरुषगत आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने र १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी बराबर रहेकाले उक्त विद्यालयको पुरुषगत त्रुटि समान रहेको छ ।

चित्र नं.४

समग्र पुरुषगत त्रुटि



४.१.५ पदसङ्गतिका आधारमा विश्लेषण

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत पदसङ्गति अनुसार वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २५

पदसङ्गतिका आधारमा जनसेवा मा.वि.घुम्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	प्रश्न	त्रुटि वाक्य	शुद्ध वाक्य
१	उनीहरू घर गयो ।	उनीहरू घर जान्छ ।	उनीहरू घर गए ।
		उनीहरू घर गाछिनी ।	
		ऊ घर गए ।	
२	उनी मेरा काका हुन् ।	तिनी मेरा काका हुन् ।	उहाँ मेरा काका हुनुहुन्छ ।
		उनीहरू मेरा काकाहरू हुनुहुन्छ ।	
		उनी मेरा काका हुनुहुन्छ ।	
		उहाँ मेरा काका हुन् ।	
३	हामी खाना खान्छौ ।	हामी खाना खायौं ।	हामी खाना खान्छौं ।
		हामी खाना खाएम् ।	
		हामीहरू खाना खान्छौ ।	
		उनीहरू खाना खान्छन् ।	
		हामी खाना खायु ।	
५	बहिनीले गीत गायो ।	बहिनीले गीत गाए ।	बहिनीले गीत गाइन् ।
		बहिनीले गीत गाछिनी ।	
		भाइले गीत गायो ।	
६	दाजु बजार गयो ।	दाजु बजार छ ।	दाजु बजार जानुभयो ।
		भाइ बजार गयो ।	
		दाजु बजार जानुभो ।	

माथिको तालिका अनुसार श्री जनसेवा मा.वि. का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा गरेका त्रुटिमा पदसङ्गतिका आधारमा उनीहरू घर गयो वाक्यलाई पदसङ्गतिका आधारमा मिलाउनु पर्नेमा थारू भाषी विद्यार्थीहरूले उनीहरू घर जान्छ, उनीहरू घर गाछिनी, ऊ घर गए लेखि वाक्यमा त्रुटि गरेका छन् । त्यसैगरी उनी मेरा काका हुन् वाक्यलाई पदसङ्गतिमा मिलाइ लेख्नुपर्नेमा त्रुटि गरी तिनी मेरा काका हुन् , उनीहरू मेरा काकाहरू हुनुहुन्छ , उनी मेरा काका हुनुहुन्छ, उहाँ मेरा काका हुन् लेखिएको छ । हामी खाना खान्छौ वाक्यलाई पदसङ्गतिका आधारमा मिलाइ शुद्ध लेख्नुपर्नेमा

विद्यार्थीले हामी खाना खायौँ, हामी खाना खाएम्, हामीहरू खाना खान्छौ, उनीहरू खाना खान्छन्, हामी खाना खायु लेखि त्रुटि गरेको पाइयो, बहिनीले गीत गायो वाक्यलाई पदसङ्गतिका आधारमा मिलाइनु पर्नेमा बहिनीले गीत गाए, बहिनीले गीत गाछिनी, भाइले गीत गायो लेखि त्रुटि गरेका छन् । दाजु बजार गयो वाक्यलाई त्रुटि गरी दाजु बजार छ, भाइ बजार गयो, दाजु बजार जानुभो वाक्य लेखि वाक्यमा पदसङ्गति नमिलाइएको देखिन्छ । यसरी थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा पदसङ्गतिगत त्रुटिमा वाक्यमा कर्ता, क्रिया र कर्मका आधारमा वाक्य नमिलाई त्रुटि गरेका छन् ।

तालिका नं. २६

पदसङ्गतिका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	३.५	७०	३०
२	मेनुका चौधरी	५	१	२०	८०
३	प्रदिप चौधरी	५	२.५	५०	५०
४	जेनी चौधरी	५	१	२०	८०
५	सुरज चौधरी	५	१.५	३०	७०
६	श्रृष्टि चौधरी	५	४	८०	२०
७	अनुसा चौधरी	५	३	६०	४०
८	सन्ध्या चौधरी	५	२	४०	६०
९	आशिका चौधरी	५	४	८०	२०
१०	मनिषा चौधरी	५	३.५	७०	३०

माथिको तालिका अनुसार कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पदसङ्गतिगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी ४ रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना रहेका छन् ।

जनसेवा माा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी ० जना रहेका छन । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पदसङ्गतिका आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाक्यगत त्रुटि मध्यम स्तरको रहेको छ ।

तालिका नं. २७

पदसङ्गतिका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	प्रश्न	त्रुटि वाक्य	शुद्ध वाक्य
१	उनीहरू घर गयो ।	उनीहरू घर आए ।	उनीहरू घर गए ।
२	उनी मेरा काका हुन् ।	उनी मेरो काका हुनुहुन्छ । उनी मेरा काका हुन् ।	उहाँ मेरा काका हुनुहुन्छ ।
३	हामी खाना खान्छौ ।	हामी खाना खान्छौ ।	हामी खाना खान्छौँ ।

माथिको तालिका अनुसार पदसङ्गतिका आधारमा काँक्रेविहार सेकेन्डरी स्कुलका विद्यार्थीले गरेको वाक्यगत त्रुटिमा उनीहरू घर गयो वाक्यलाई पदसङ्गति मिलाएर लेख्नु पर्नेमा उनीहरू घर आए लेखि त्रुटि गरेका छन् भने उनी मेरा काका हुन् वाक्यलाई पदसङ्गति मिलाउनु पर्नेमा उनी मेरो काका हुनुहुन्छ र उनी मेरा काका हुन् लेखि त्रुटि गरिएको छ । भने हामी खाना खान्छौ वाक्यमा पदसङ्गति मिलाउनु पर्नेमा त्रुटि गरी हामी खाना खान्छौ लेखि त्रुटि गरेका छन् । थारूभाषी विद्यार्थीहरूले पदसङ्गतिका आधारमा वाक्यमा क्रियापद नमिलाइ त्रुटि गरेको देखिन्छ ।

तालिका नं. २८

पदसङ्गतिका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	४.५	९०	१०
२	समिक्षा चौधरी	५	४	८०	२०
३	प्रिन्स चौधरी	५	३.५	७०	३०
४	सुहाना चौधरी	५	३	६०	४०
५	जानकी चौधरी	५	३	६०	४०
६	विपिन चौधरी	५	२	४०	६०
७	निशा चौधरी	५	४	८०	२०
८	रिता चौधरी	५	४	८०	२०
९	स्वस्तिका चौधरी	५	५	१००	०
१०	पवित्रा चौधरी	५	५	१००	०

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पदसङ्गतिगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी १ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ६ जना रहेका छन् ।

जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा पदसङ्गतिका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाक्यगत त्रुटि मध्यम स्तरको रहेको छ ।

तालिका नं. २९

पदसङ्गतिका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	प्रश्न	त्रुटि वाक्य	शुद्ध वाक्य
२	उनी मेरा काका हुन् ।	उनी मेरा काका हुन् ।	उहाँ मेरा काका हुनुहुन्छ ।
३	हामी खाना खान्छौ ।	हामी खाना खान्छौ ।	हामी खाना खान्छौँ ।

माथिको तालिका अनुसार पदसङ्गतिका आधारमा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले उनी मेरा काका हुन् वाक्यमा पदसङ्गतिका आधारमा मिलाउनु पर्नेमा नमिलाई उनी मेरा काका हुन् वाक्य लेखि त्रुटि गरिएको छ भने दोस्रो वाक्यमा हामी खाना खान्छौ वाक्यमा पदसङ्गति मिलाउनु पर्नेमा हामी खाना खान्छौ वाक्य लेखि त्रुटि गरिएको छ ।

तालिका नं. ३०

पदसङ्गतिका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	५	१००	०
२	हिमा चौधरी	५	३.५	७०	३०
३	करिस्मा चौधरी	५	४	८०	२०
४	नितु चौधरी	५	४	८०	२०
५	प्रकृति चौधरी	५	४	८०	२०
६	अन्जली चौधरी	५	४.५	९०	१०
७	स्नेहा चौधरी	५	३	६०	४०
८	लक्ष्मण चौधरी	५	४	८०	२०
९	दिपिका चौधरी	५	४	८०	२०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका पदसङ्गतिगत त्रुटिमा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि

८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी २ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ८ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ७ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पदसङ्गतिका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको वाक्यगत त्रुटि राम्रो स्तरको रहेको छ ।

चित्र नं.५

समग्र पदसङ्गतिगत त्रुटि



४.१.६ आदरका आधारमा विश्लेषण

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत आदरका आधारमा वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३१

आदरका आधारमा जनसेवा मा.वि.घुम्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	म खेल्छु ।	तँ खेल ।
२	हामी पढ्छौँ ।	तिमी पढ्छौ ।
३	हामी घर राम्रोसँग जान्छौँ ।	तिमीहरू घर राम्रोसँग जाऊ ।
५	हामी सबै मिलेर बस्छम् ।	तिमीहरू सबै मिलेर बस ।
६	हामी मिलेर खाना खान्छौँ ।	उनीहरू मिलेर खाना खान्छन् ।
७	हामी सबै साथीहरूसित मिलेर बस्छौ ।	उनीहरू सबै सार्थीहरूसित मिलेर बस्छन् ।
८	हामी खाना स्वच्छ खान्छौँ ।	तिमी स्वच्छ खाना खाऊ ।
९	म खाजा खान्छु ।	तिमी खाजा खाऊ ।
१०	तँ घर जान्छ ।	तँ घर जा ।

माथिको तालिका अनुसार श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिमा आदरका आधारमा गरेको त्रुटिलाई उल्लेख गरिएको छ । जसमा तँ खेल, तिमी पढ्छौ, तिमीहरू घर राम्रोसँग जाऊ, तिमीहरू सबै मिलेर बस, उनीहरू मिलेर खाना खान्छन्, उनीहरू सबै सार्थीहरूसित मिलेर बस्छन्, तिमी स्वच्छ खाना खाऊ, तिमी खाजा खाऊ वाक्यलाई निम्न, मध्यम र उच्च आदरमा लेखिनु पर्नेमा आदरगत त्रुटि गरी वाक्यमा प्रथम पुरुषका वाक्य म खेल्छु, हामी पढ्छौँ, हामी घर राम्रोसँग जान्छौँ, हामी सबै मिलेर बस्छम्, हामी मिलेर खाना खान्छौँ, हामी सबै साथीहरूसित मिलेर बस्छौ, हामी खाना स्वच्छ खान्छौँ, म खाजा खान्छु लेखि त्रुटि गरेका छन् । त्यसैगरी तँ घर जान्छ वाक्यलाई कर्ता अनुसार क्रियामा आदर नमिलाई त्रुटि गरेका छन् । उक्त विद्यालयका थारूभाषी विद्यार्थीहरूमा आदरगत ज्ञानको कमी भएको देखिन्छ ।

तालिका नं. ३२

आदरका आधारमा जनसेवा मा.वि.घुम्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	०	०	१००
२	मेनुका चौधरी	५	३	६०	४०
३	प्रदिप चौधरी	५	२	४०	६०
४	जेनी चौधरी	५	३	६०	४०
५	सुरज चौधरी	५	३	६०	४०
६	श्रृष्टि चौधरी	५	३	६०	४०
७	अनुसा चौधरी	५	३	६०	४०
८	सन्ध्या चौधरी	५	२.५	५०	५०
९	आशिका चौधरी	५	३	६०	४०
१०	मनिषा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार जनसेवा मा.वि. घुम्राका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका आदरका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी १ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ८ जना रहेका छन र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी रहेका छैनन् ।

जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ८ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि. घुम्राका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा आदरगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको आदरगत त्रुटि अत्यन्त कमजोर रहेको छ ।

तालिका नं. ३३

आदरका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	उहाँ खाना खानु ।	उहाँले खाना खानुभयो ।
२	तँ भजार जान्छ ।	तँ बजार जा ।
३	तँ खानुकुरा खाई ।	तँ खानेकुरा खा ।
४	मेरी बहिनी बजार जान्छ ।	मेरी बहिनी बजार जान्छे ।
५	तपाईले मलाई खानुकुरा दिउ ।	तपाईले मलाई खानेकुरा दिनुभयो ।
६	तिमी भात खालाउ ।	तिमी भात खान्छौ ।
७	उहाँ खाना खान्छस् ।	उहाँ खाना खानुहुन्छ ।

माथिको तालिका अनुसार आदरका आधारमा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीले गरेको वाक्यगत त्रुटिलाई उल्लेख गरिएको छ । उक्त वाक्यमा उहाँले खाना खानुभयो, तँ बजार जा, तँ खानेकुरा खा, मेरी बहिनी बजार जान्छे, तपाईले मलाई खानेकुरा दिनुभयो, तिमी भात खान्छौ, उहाँ खाना खानुहुन्छ वाक्यलाई उच्च, निम्न, मध्यम आदरको प्रयोग गर्नुपर्नेमा त्रुटि गरी, उहाँ खाना खानु, तँ भजार जान्छ, तँ खानुकुरा खाइ, मेरी बहिनी बजार जान्छ, तपाईले मलाई खानुकुरा दिउ, तिमी भात खालाउ, उहाँ खाना खान्छस् वाक्य लेखी त्रुटि गरिएको छ । उक्त वाक्यमा कर्ता अनुसार आदरको प्रयोग नगरी वाक्यमा त्रुटि गरिएको छ । क्रिया अनुसार कर्ताका वाक्यहरूमा आदरार्थीको प्रयोग नगरिनुले थारूभाषी विद्यार्थीको आदरगत वाक्यमा त्रुटि गरेका छन् ।

तालिका नं. ३४

आदरका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क.स	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	५	९०	१०
२	समिक्षा चौधरी	५	२.५	५०	५०
३	प्रिन्स चौधरी	५	५	१००	०
४	सुहाना चौधरी	५	४	८०	२०
५	जानकी चौधरी	५	४.५	९०	१०
६	विपिन चौधरी	५	४	८०	२०
७	निशा चौधरी	५	२	४०	६०
८	रिता चौधरी	५	३	६०	४०
९	स्वस्तिका चौधरी	५	४	८०	२०
१०	पवित्रा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका आदरका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी १ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ६ जना रहेका छन् ।

काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ५ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा पुरुषगत आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको पुरुषगत त्रुटि राम्रोरहेको छ ।

तालिका नं. ३५

आदरका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	शुद्ध वाक्य
१	म खाजा खान्छु ।	तँ खाजा खा ।
२	म खेल्छु ।	तँ खेल ।
३	हामी पढ्छौँ ।	तिमी पढ्छौ ।

माथिको तालिका अनुसार आदरगत आधारमा नासा एकेडेमी स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले वाक्यगठनमा आदरगत त्रुटिमा तँ खाजा खा वाक्यमा आदरगत त्रुटि गरी म खाजा खान्छु लेखिएको छ भने तँ खेल वाक्यलाई त्रुटि गरी म खेल्छु र तिमी पढ्छौ वाक्यलाई त्रुटि गरी हामी पढ्छौँ लेखिएकाले वाक्यमा आदरगत नभई प्रथम पुरुषका वाक्य लेखि त्रुटि गरिएको छ । अतः विद्यार्थीमा आदरका आधारमा वाक्यमा पुरुषको वाक्य राखिनुले थारूभाषी विद्यार्थीको आदरगत ज्ञानमा कमी रहेको छ ।

तालिका नं. ३६

आदरका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क.स.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	३	६०	४०
२	हिमा चौधरी	५	४.५	९०	१०
३	करिस्मा चौधरी	५	३	६०	४०
४	नितु चौधरी	५	५	१००	०
५	प्रकृति चौधरी	५	३.५	७०	३०
६	अन्जली चौधरी	५	५	१००	०
७	स्नेहा चौधरी	५	३	६०	४०
८	लक्ष्मण चौधरी	५	४.५	९०	१०
९	दिपिका चौधरी	५	३	६०	४०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका आदरका आधारमा गरेका

त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना रहेका छन र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ५ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमी थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा आदरगत आधारमा सबैभन्दा बढी ३० देखि ६० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको आदरगत त्रुटि कमजोर रहेको छ ।

चित्र नं.६

समग्र आदरगत त्रुटि



४.१.७ भावका आधारमा विश्लेषण

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत भावका आधारमा वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३७

भावका आधारमा जनसेवा मा.वि.घुस्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	परिवर्तन रुप	शुद्ध वाक्य
१	म किताब पढ्छु ।	इच्छार्थक	म किताब पढुँ ।
२	आज पानी पर्‍यो ।	सम्भावनार्थ	आज पानी पर्ला ।
३	उनीहरू पोखरा जान्छिन् ।	सम्भावनार्थ	उनीहरू पोखरा जालान् ।
५	आज पानी पलाई ।	सम्भावनार्थ	आज पानी पर्ला ।
६	तिमी बजार गए ।	आज्ञार्थक	तिमी बजार जाऊ ।
७	हामी विद्यालय जाऊ ।	सामान्यार्थ	हामी विद्यालय जान्छौँ ।

माथिको तालिकामा भावका आधारमा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा गरेको वाक्यगत त्रुटिका वाक्य राखिएको छ । जसमा थारू भाषी विद्यार्थीले म किताब पढुँ, आज पानी पर्ला, उनीहरू पोखरा जालान्, आज पानी पर्ला, तिमी बजार जाऊ, हामी विद्यालय जान्छौँ वाक्यलाई सामान्यार्थ, सम्भावनार्थ, आज्ञार्थ र इच्छार्थ भावमा रुपान्तरण गर्नुपर्नेमा नगरी वाक्यलाई म किताब पढ्छु , आज पानी पर्‍यो, उनीहरू पोखरा जान्छिन्, आज पानी पलाइ, तिमी बजार गए, हामी विद्यालय जाऊ वाक्य लेखि त्रुटि गरिएको छ । वाक्यमा भाव अनुसार परिवर्तन नगरी भिन्नै प्रकारका वाक्य लेखिनुले थारूभाषी विद्यार्थीको भावगत अभ्यासको ज्ञानमा कमी रहेको छ ।

तालिका नं. ३८

भावका आधारमा जनसेवा मा.वि. घुस्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र. सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	५	४	८०	२०
२	मेनुका चौधरी	५	२	४०	६०
३	प्रदिप चौधरी	५	३	६०	४०
४	जेनी चौधरी	५	३	६०	४०
५	सुरज चौधरी	५	४	८०	२०
६	श्रृष्टि चौधरी	५	४	८०	२०
७	अनुसा चौधरी	५	४	८०	२०
८	सन्ध्या चौधरी	५	२	४०	६०
९	आशिका चौधरी	५	४	८०	२०
१०	मनिषा चौधरी	५	३.५	७०	३०

माथिको तालिका अनुसार जनसेवा मा.वि. का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका भावगतका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी २ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना रहेका छन र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ५ जना रहेका छन् ।

जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ५ जना रहेका छन र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ३ जना रहेका छन र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा भावगत आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको भावका आधारमा वाक्यगत त्रुटि मध्यम रहेको छ ।

तालिका नं. ३९

भावका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	परिवर्तीत रुप	शुद्ध वाक्य
१	आज पानी पऱ्यो ।	सम्भावनार्थक	आज पानी पर्ला ।
२	म किताब पढ्छु ।	इच्छार्थक	म किताब पढुँ ।
३	उनीहरू पोखरा जाउला ।	सम्भावनार्थक	उनीहरू पोखरा जालान् ।
४	म किताब पढेँ ।	इच्छार्थक	म किताब पढूँ ।

माथिको तालिका अनुसार श्री काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा भावगत आधारमा वाक्यमा गरेको त्रुटिमा आज पानी पर्ला वाक्यलाई सम्भावनार्थ भावमा परिवर्तन गर्नुपर्नेमा त्रुटि गरी आज पानी पऱ्यो, म किताब पढुँ वाक्यलाई इच्छार्थक भावमा लेखिनु पर्नेमा त्रुटि गरी म किताब पढ्छु, उनीहरू पोखरा जालान् वाक्यलाई सम्भावनार्थ वाक्यमा परिवर्तन गर्नु पर्नेमा त्रुटि गरी उनीहरू पोखरा जाउला र म किताब पढुँ वाक्यलाई इच्छार्थक भावमा परिवर्तन गर्नुपर्नेमा त्रुटि गरी म किताब पढेँ वाक्य लेखि त्रुटि गरिएको छ । थारूभाषी विद्यार्थीहरूले वाक्यगत आधारमा भावका वाक्यहरूमा परिवर्तित रुप अनुसार परिवर्तन गरिएको देखिदैन ।

तालिका नं. ४०

भावका आधारमा काँक्रेविहार सेकेन्डरी बोर्डिङका विद्यार्थीले गरेको त्रुटिको प्राप्ताङ्क

क्र.सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	सामना चौधरी	५	४	८०	२०
२	समिक्षा चौधरी	५	३	६०	४०
३	प्रिन्स चौधरी	५	४.५	९०	१०
४	सुहाना चौधरी	५	३	६०	४०
५	जानकी चौधरी	५	३	६०	४०
६	विपिन चौधरी	५	४	८०	२०
७	निशा चौधरी	५	३.५	७०	३०
८	रिता चौधरी	५	४	८०	२०
९	स्वस्तिका चौधरी	५	३.५	७०	३०
१०	पवित्रा चौधरी	५	३	६०	४०

माथिको तालिका अनुसार काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका भावगतका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ६ जना रहेका छन र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ४ जना रहेका छन् ।

काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना रहेका छन र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ६ जना र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा आदरगत आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको भावगत त्रुटि मध्यम रहेको छ ।

तालिका नं. ४१

भावका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क.सं.	त्रुटि वाक्य	परिवर्तीत रुप	शुद्ध वाक्य
१.	म किताब पढ्छु ।	इच्छार्थक	म किताब पढूँ ।
२.	आज पानी परेको छ ।	सम्भावनार्थ	आज पानी पर्ला ।
३.	उनीहरू पोखरा गए ।	सम्भावनार्थ	उनीहरू पोखरा जालान् ।

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले भावका आधारमा गरेको वाक्यगत त्रुटिका सन्दर्भमा म किताब पढुँ वाक्यलाई इच्छार्थक वाक्यमा परिवर्तन गर्नुपर्नेमा म किताब पढ्छु लेखिएको छ । त्यसैगरी आज पानी पर्ला वाक्यलाई सम्भावनार्थक वाक्यमा परिवर्तन गर्नुपर्नेमा त्रुटि गरी आज पानी परेको छ र उनीहरू पोखरा जालान् वाक्यलाई सम्भावनार्थ वाक्यमा रुपान्तरण गर्नु पर्नेमा उनीहरू पोखरा गए वाक्य लेखी त्रुटि गरिएको छ ।

तालिका नं.४२

भावका आधारमा नासा एकेडेमीका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र.सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	क्षितिज चौधरी	५	४	८०	२०
२	हिमा चौधरी	५	४	८०	२०
३	करिस्मा चौधरी	५	४	८०	२०
४	नितु चौधरी	५	५	१००	०
५	प्रकृति चौधरी	५	४	८०	२०
६	अञ्जली चौधरी	५	४	८०	२०
७	स्नेहा चौधरी	५	४	८०	२०
८	लक्ष्मण चौधरी	५	४	८०	२०
९	दिपिका चौधरी	५	४	८०	२०
१०	गरिमा चौधरी	५	४	८०	२०

माथिको तालिका अनुसार नासा एकेडेमीका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका भावगतका आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी रहेका छैनन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी १० जना रहेका छन् ।

नासा एकेडेमीका थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी १ जना रहेका छन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ९ जना रहेका छन र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन र ६० प्रतिशत देखि ८० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । यसरी हेर्दा नासा एकेडेमीका थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा भावगत आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको भावका आधारमा वाक्यगत त्रुटि राम्रो रहेको छ ।

चित्र नं.७

समग्र भावगत त्रुटि



४.१.८ काल र पक्षका आधारका विश्लेषण

प्रस्तुत अध्ययनमा श्री जनसेवा मा.वि.का कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्य गठनमा गर्ने विभिन्न त्रुटि अन्तर्गत काल र पक्षका आधारमा वाक्यमा गरेका त्रुटिहरूलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४३

काल र पक्षका आधारमा जनसेवा मा.वि.घुम्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	परिवर्तन रुप	शुद्ध वाक्य
१	उनी हिँजो घर जान्छन् ।	भूतकाल	उनी हिजो घर गए ।
२	उनी हिँजो मामाघर जान्छन् ।	भूतकाल	उनी हिजो मामाघर गएका थिए ।
३	म किताब पढैं ।	वर्तमान काल	म किताब पढ्छु ।
५	म आफ्नो काम इमान्दारिका साथ गरैं ।	वर्तमान काल	म आफ्नो काम इमान्दारिका साथ गर्छु ।
६	मैले गृहकार्य गर्दै थिएँ ।	वर्तमान काल	म गृहकार्य गर्दै छु ।
७	मँ खाजा खान्छु ।	भूतकाल	मैले खाजा खाएँ ।
८	हामी साथीसँग मिलेर बस्छौँ ।	भूतकाल	हामी साथीसँग मिलेर बस्यौँ ।

९	हामीले अहिले काम गऱ्यौँ ।	वर्तमान काल	हामी अहिले काम गर्छौँ ।
१०.	म स्कुल आउछु ।	भूतकाल	म स्कुल आएको थिएँ ।
११	उनीहरू घर गयो ।	वर्तमान काल	उनीहरू घरजान्छन् ।
१२	हामी खाजा खान्छौँ ।	भूतकाल	हामीले खाजा खायौँ ।

माथिको तालिका अनुसार श्री जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्य गठनमा गर्ने त्रुटिमा काल र पक्षका आधारमा गरेका त्रुहिरूमा उनी हिजो घर गए, उनी हिजो मामाघर गएका थिए, मैले खाजा खाएँ, हामी साथीसँग मिलेर बस्यौँ, म स्कुल आएको थिएँ, हामीले खाजा खायौँ वाक्यलाई भूतकालमा परिवर्तन गर्नु पर्नेमा थारूभाषी विद्यार्थीहरूले उनी हिँजो घर जान्छन्, उनी हिँजो मामाघर जान्छन्, मँ खाजा खान्छु, म स्कुल आउछु, हामी खाजा खान्छौँ लेखि वर्तमान कालका वाक्यमा परिवर्तन गरी त्रुटि गरिएका छन् । त्यसैगरी म किताब पढ्छु, म आफ्नो काम इमान्दारिका साथ गर्छु, म गृहकार्य गर्दै छु, हामी अहिले काम गर्छौँ, उनीहरू घरजान्छन्, वाक्यलाई वर्तमान कालमा परिवर्तन गरी म किताब पढैँ, म आफ्नो काम इमान्दारिका साथ गरैँ, मैले गृहकार्य गर्दै थिएँ, हामीले अहिले काम गऱ्यौँ, उनीहरू घर गयो भूत कालका वाक्यमा लेखि त्रुटि गरिएको पाइन्छ ।

तालिका नं. ४४

काल र पक्षका आधारमा जनसेवा मा.वि घुम्राका विद्यार्थीले गरेको वाक्यगत त्रुटिको प्राप्ताङ्क

क्र.सं.	विद्यार्थीको नाम	पूर्णाङ्क	प्राप्ताङ्क	प्रतिशत	त्रुटि प्रतिशत
१	निसान चौधरी	१०	५.५	५५	४५
२	मेनुका चौधरी	१०	२	२०	८०
३	प्रदिप चौधरी	१०	३	३०	७०
४	जेनी चौधरी	१०	३	३०	७०
५	सुरज चौधरी	१०	२	२०	८०
६	श्रृष्टि चौधरी	१०	८	८०	२०
७	अनुसा चौधरी	१०	८.५	८५	१५
८	सन्ध्या चौधरी	१०	५.५	५५	४५
९	आशिका चौधरी	१०	७.५	७५	२५
१०	मनिषा चौधरी	१०	८.५	८५	१५

माथिको तालिका अनुसार कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा वाक्यगठनमा गरेका काल र पक्षगत आधारमा गरेका त्रुटिमा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने थारूभाषी विद्यार्थी ४ जना रहेका छन् भने ५० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना र ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी ३ जना रहेका छन् ।

जनसेवा मा.वि. का थारूभाषी विद्यार्थीको त्रुटि प्रतिशतलाई विश्लेषण गर्दा १० प्रतिशत भन्दा कम त्रुटि गर्ने विद्यार्थी रहेका छैनन् । १० देखि ३० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी ४ जना र ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म त्रुटि गर्ने विद्यार्थी २ जना र ६० प्रतिशत देखि ८० प्रतिशत सम्म त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् र ८० प्रतिशत भन्दा माथि त्रुटि गर्ने विद्यार्थी २ जना रहेका छन् । यसरी हेर्दा जनसेवा मा.वि.का थारूभाषी विद्यार्थीहरूले वाक्यगत त्रुटिमा काल र पक्षका आधारमा सबैभन्दा बढी १० देखि ३० प्रतिशत त्रुटि गर्ने विद्यार्थी धेरै रहेकाले उक्त विद्यालयको काल र पक्षगत त्रुटि कमजोर रहेको छ ।

तालिका नं. ४५

काल र पक्षका आधारमा काँक्रेविहार सेकेन्डरीका विद्यार्थीले गरेको वाक्यगत त्रुटि

क्र.सं.	त्रुटि वाक्य	परिवर्तन रुप	शुद्ध वाक्य
१	म परीक्षा दिन लागें ।	वर्तमान काल	म परीक्षा दिँदैछु ।
२	म १३ वर्ष पुगेको थिएँ ।	वर्तमान काल	म १३ वर्ष पुगेको छु ।
३	मैले नेपाली किताब पढें ।	वर्तमान काल	म नेपाली किताब पढ्छु ।
४	नेपाली किताबमा धेरै राम्रा कविताहरू पनि पढें ।	वर्तमान काल	नेपाली किताबमा धेरै राम्रा कविताहरू पढ्छु ।
५	मैले राम्रा ज्ञानहरू सिकें ।	वर्तमान काल	म राम्रा ज्ञानहरू सिक्छु ।
६	म गृहकार्य गर्न सुरु गर्छु ।	भूतकाल	मैले गृहकार्य गर्न सुरु गरें ।
७	मैले खानेकुरा खाइरहें ।	वर्तमान काल	म खानेकुरा खान्छु ।
८	म साथीहरूसँग खेलीरहें ।	वर्तमान काल	म साथीहरूसँग खेलीरहन्छु ।
९	म नेपाली किताब पढ्छु ।	भूतकाल	मैले नेपाली किताब पढें ।

माथिको तालिकामा काँक्रेविहार सेकेन्डरी बोर्डिङ स्कुलका कक्षा सातमा अध्ययनरत थारू भाषी विद्यार्थीहरूले काल र पक्षका आधारमा गरेका त्रुटिहरूलाई देखाइएको छ । जसमा म

परीक्षा दिँदैछु, म १३ वर्ष पुगेको छु, म नेपाली किताब पढ्छु, नेपाली किताबमा धेरै राम्रा कविताहरू पढ्छु, म राम्रा ज्ञानहरू सिक्छु, म खानेकुरा खान्छु, म साथीहरूसँग खेलीरहन्छु वर्तमान कालका वाक्यहरूलाई त्रुटि गरी म परीक्षा दिन लागेँ, म १३ वर्ष पुगेको थिएँ, मैले नेपाली किताब पढेँ, नेपाली किताबमा धेरै राम्रा कविताहरू पनि पढेँ, मैले राम्रा ज्ञानहरू सिकेँ, मैले खानेकुरा खाइरहेँ, म साथीहरूसँग खेलीरहेँ वाक्य लेखि त्रुटि गरिएको छ । विद्यार्थीहरूले वाक्यका रुप अनुसार परिवर्तन नगरिएको देखिन्छ ।

तालिका नं.४६

